# आर्थिक गतिविधि अध्ययन

# (कर्णाली प्रदेश)

## वार्षिक प्रतिवेदन

## (आर्थिक वर्ष २०७७/७८)




नेपाल राष्ट्र बैंक
सुर्खेत कार्यालय

# भूमिका

**नेपाल राष्ट्र बैंक ऐन, २०५८** को **दफा १२** अनुसार बैंकले समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको विकास, मुद्रा प्रदाय, मूल्य स्थिरता, कर्जाको विस्तार, शोधनान्तर तथा विदेशी विनिमय जस्ता विषयसँग सम्बन्धित तथ्याङ्कको विश्लेषण सहितको जानकारी नियमितरुपले प्रकाशन र प्रसारण गर्ने गर्दछ । साथै, नेपाल राष्ट्र बैंकले यस देशको अर्थतन्त्रसँग प्रत्यक्षरुपमा सम्बन्ध राख्ने आवश्यक नीति तथा योजना तर्जुमा तथा कार्यान्वयन गर्न, विभिन्न आर्थिक चरहरुसँगको अन्तर-सम्बन्ध विश्लेषण गरी नेपाल सरकारका निकायहरु, अन्तर्राष्ट्रिय संघ संस्थाहरु तथा नेपालको समष्टिगत अर्थ-स्वरुप जान्न चाहने जोकोही नागरिकलाई नियमितरुपमा जानकारी गराउनको लागि वास्तविक क्षेत्रसँग सम्वन्धित तथ्याङ्कको नियमित संकलन तथा ती तथ्याङ्कको विश्लेषण गर्दै आईरहेको छ ।

आर्थिक तथा वित्तीय क्षेत्रसँग सम्बन्धित सूचना एवम् तथ्याङ्कको विश्लेषणबाट देशको आर्थिक विकासको अवस्था, यसको आधार एवम् स्तरको जानकारी प्राप्त हुने हुँदा दिगो आर्थिक वृद्धि तथा स्थायित्व प्राप्त गर्न आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्न सहयोग पुग्दछ । आर्थिक गतिविधिको विश्लेषण, अनुमान तथा प्रक्षेपण गर्ने मूल आधार समयमै प्राप्त हुने विश्वसनीय सूचना तथा तथ्याङ्क भएकोले यस्तो सूचना तथा तथ्याङ्कको माध्यमद्वारा अर्थतन्त्रको विविध क्षेत्रमा हुने परिवर्तनलाई समयमै पहिचान गरी उपयुक्त सुझावहरुमार्फत नेपाल राष्ट्र बैंकले नेपाल सरकार तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्नमा सघाउ पुऱ्याउँदछ ।

संघीयता कार्यान्वयन भएपश्चात प्रशासनिक विभाजनको स्वरुपसमेत परिवर्तन भएको र संघीय संरचना अनुसार तीन तहको सरकार रहने संवैधानिक व्यवस्था बमोजिम प्रादेशिक संरचना अनुसार आर्थिक गतिविधि अध्ययन गरी आवश्यक सल्लाह प्रदान गर्न, आर्थिक विश्लेषण तथा नीति तर्जुमाका लागि सूचना एवम् तथ्याङ्कको दायरा विस्तार गर्न नेपाल राष्ट्र बैंक अनुसन्धान विभागले जारी गरेको **आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन २०७६** अनुसार नेपाल राष्ट्र बैंक, सुर्खेत कार्यालयले कर्णाली प्रदेशका सम्पूर्ण (१० वटै) जिल्लाहरु (सुर्खेत, सल्यान, दैलेख, जाजरकोट, कालिकोट, जुम्ला, हुम्ला, मुगु, डोल्पा र रुकुम पश्चिम) लाई समावेश गरी आर्थिक वर्ष २०७७/७८ को वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरेको छ ।

यस प्रदेशका १० जिल्लाहरुमध्ये ६ जिल्लाबाट स्थलगत र बाँकी ४ जिल्लाबाट गैरस्थलगत रुपमा कृषि, उद्योग, सेवा, पूर्वाधार विकास लगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरुको आर्थिक वर्ष २०७७/७८ को वार्षिक जिल्लागत तथ्याङ्क संकलन, प्रशोधन तथा विश्लेषण गरी यो प्रतिवेदन तयार पारिएको छ । कर्णाली प्रदेशका जिल्लाहरुमा रहेका विभिन्न सरकारी कार्यालय, क्षेत्रीय निर्देशनालय एवम् सम्बन्धित परियोजना/उद्योग प्रतिष्ठानबाट प्राप्त तथ्याङ्कका आधारमा तयार पारिएको यो प्रतिवेदनले जिल्लागत तथा प्रदेशको समग्र अवस्थालाई प्रस्तुत गरेको छ । प्रतिवेदनमा सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा क्षेत्रगत समस्या/चुनौती तथा बाँकी अवधिको परिदृश्य चित्रण गरिएको छ ।

प्रतिवेदन तयार पार्न सूचना तथा तथ्याङ्क उपलब्ध गराउनु हुने सरकारी तथा निजी क्षेत्रका कार्यालय एवम् संस्थाहरुप्रति आभार प्रकट गर्दछु । साथै, आगामी दिनहरुमा पनि सम्बन्धित सरोकारवाला निकायको साथ र सहयोगको निरन्तरताको अपेक्षा गर्दछु । असहज परिस्थितिमा पनि यो प्रतिवेदन तयार पार्न संयोजन गर्नु हुने सहायक निर्देशक श्री रोशन सेढाईलाई विशेष धन्यवाद दिन चाहन्छु । यसैगरी, यो प्रतिवेदन तयार पार्न संलग्न हुनु हुने आर्थिक अनुसन्धान इकाईका सहायकद्वय श्री पंख प्रसाद आचार्य र श्री समिर फुयाललाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै, तथ्याङ्क संकलनका क्रममा सहयोग गर्ने यसै कार्यालयका अन्य इकाई तथा फाँटका कर्मचारीलाई पनि धन्यवाद दिन चाहन्छु ।

**विनय सिग्देल**
**उप-निर्देशक**
**नेपाल राष्ट्र बैंक, सुर्खेत कार्यालय**

## विषय-सूची

**परिच्छेद १ कृषि, उद्योग र सेवा क्षेत्रको राष्ट्रिय स्थिति** **१**
१.१ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा १
१.२ अन्तरप्रदेश तुलना १
१.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती ३
१.३.१ प्रादेशिक क्षमता र सम्भावना ३
१.३.२ प्रादेशिक चुनौती ३
**परिच्छेद २ कृषि क्षेत्र** **४**
२.१ कृषि उपजले ढाकेको भू-क्षेत्र ४
२.१.१ खाद्य तथा अन्य बाली ४
२.१.२ तरकारी तथा बागवानी ५
२.१.३ फलफूल तथा मसला ५
२.२ कृषि उत्पादन ६
२.२.१ खाद्य तथा अन्य बाली ६
२.२.२ तरकारी तथा बागवानी ७
२.२.३ फलफूल तथा मसला ८
२.३ पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन ९
२.३.१ पशुजन्य उत्पादन ९
२.३.२ माछा उत्पादन १०
२.३.३ वनजन्य उत्पादन १०
२.४ सिंचाइ तथा मौसम १०
२.५ क्षेत्रगत कृषि कर्जा ११
२.६ कृषि क्षेत्रका चुनौती र सम्भावना ११
२.६.१ चुनौती ११
२.६.२ सम्भावना १२
**परिच्छेद ३ उद्योग क्षेत्र** **१३**
३.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी १३
३.२ क्षेत्रगत औद्योगिक कर्जा १३
३.३ औद्योगिक कर्जा १४
३.४ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना १५
३.४.१ चुनौती १५
३.४.२ सम्भावना १५

**परिच्छेद ४ सेवा क्षेत्र** **१६**
४.१ पर्यटन १६
४.२ सार्वजनिक निर्माण तथा रियलस्टेट १७
४.३ वित्तीय सेवा १७
४.३.१ निक्षेप तथा कर्जाको स्थिति १८
४.३.२ अन्य वित्तीय विवरण २०
४.३.३ सहकारी क्षेत्र २१
४.३.४ फण्ड ट्रान्सफर २३
४.४ यातायात तथा संचार २३
४.५ शिक्षा तथा स्वास्थ्य २५
४.६ सेवा क्षेत्र कर्जा २६
४.७ सेवा क्षेत्रको चुनौती र सम्भावना २७
४.७.१ चुनौती २७
४.७.२ सम्भावना २८
**परिच्छेद ५ पूर्वाधार र रोजगारी** **२९**
५.१ पूर्वाधार क्षेत्र २९
५.२ वैदेशिक रोजगारी ३३
५.३ आन्तरिक रोजगारी ३४
५.४ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना ३४
५.४.१ चुनौती ३४
५.४.२ सम्भावना ३५
**परिच्छेद ६ आर्थिक परिदृष्य** **३६**
६.१ कृषि उत्पादन ३६
६.२ औद्योगीक उत्पादन ३६
६.३ सेवा क्षेत्र ३७
६.४ पूर्वाधार क्षेत्र ३७

## तालिका सूची

तालिका १.१: कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान १
तालिका १.२: प्रादेशिक आर्थिक परिसूचकहरु २
तालिका २.१: कृषि उपजले ढाकेको भू-क्षेत्र (जिल्लागत) ६
तालिका २.२: प्रमुख कृषि बालीको उत्पादन (जिल्लागत) ९
तालिका २.३: जिल्लागत कृषि कर्जा (रु.दश लाख) ११
तालिका ३.१: जिल्लागत औद्योगिक कर्जा (रु.करोड) १४
तालिका ४.१ : बैंक तथा वित्तीय संस्थाको संख्या (जिल्लागत) १७
तालिका ५.१: प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको विवरण (कर्णाली प्रदेश) ३४

## रेखाचित्र सूची

रेखाचित्र २.१: प्रमुख कृषि बालीले ढाकेको भू-क्षेत्र (हेक्टर) ४
रेखाचित्र २.२: प्रमुख फलफुल बालीले ढाकेको भू-क्षेत्र (हेक्टर) ५
रेखाचित्र २.३: प्रमुख कृषि बाली उत्पादन (मेट्रिक टन) ७
रेखाचित्र २.४: फलफूल उत्पादन (मेट्रिक टन) ८
रेखाचित्र २.५: प्रमुख कृषि बालीको उत्पादन (प्रतिशत) ८
रेखाचित्र २.६: कर्णाली प्रदेशमा सिंचाईको अवस्था (हेक्टर) १०
रेखाचित्र ३.१: क्षेत्रगत औधोगिक कर्जा (प्रतिशत) १३
रेखाचित्र ३.२: कुल औद्योगिक कर्जा (रु.अर्ब) १४
रेखाचित्र ४.१: घरजग्गा कारोवारको अवस्था १७
रेखाचित्र ४.२: निक्षेप तथा कर्जाको स्थिति १८
रेखाचित्र ४.३: समीक्षा वर्षको निक्षेप तथा कर्जाको जिल्लागत स्थिति १८
रेखाचित्र ४.४: समीक्षा अवधिमा कुल निक्षेपको संरचना (प्रतिशत) २०
रेखाचित्र ४.५: सहुलियतपुर्ण कर्जा, विपन्नवर्ग कर्जा र प्राथमिकता प्राप्त कर्जाको विवरण (रु. दश लाख) २१
रेखाचित्र ४.६: बचत तथा ऋण सहकारी संस्थाको अवस्था (रु.दश लाखमा) २१
रेखाचित्र ४.७: कर्णाली प्रदेशमा फण्ड ट्रान्सफरको अवस्था २३
रेखाचित्र ४.८: यातायात साधनको संख्या २३
रेखाचित्र ४.९: टेलिफोन वितरित संख्या २४
रेखाचित्र ४.१०: कुल वितरित टेलिफोनको जिल्लागत अवस्था (प्रतिशत) २४
रेखाचित्र ४.११: सरकारी/सामुदायिक अस्पतालको अवस्था २५
रेखाचित्र ४.१२: कर्णाली प्रदेशमा विद्यालय संख्या, विद्यार्थी संख्या र शिक्षक संख्याको अवस्था २५
रेखाचित्र ४.१३: कर्णाली प्रदेशका विभिन्न जिल्लाहरुमा प्रवाहित सेवा क्षेत्र कर्जा २६
रेखाचित्र ४.१४: क्षेत्रगत सेवा कर्जा २७
रेखाचित्र ५.१: सडक सञ्जाल (किलोमिटर) २९
रेखाचित्र ५.२: विद्युत प्रसारण लाईन (किलोमिटर) ३०
रेखाचित्र ५.३: विद्युत उत्पादन (कि.वा. आवर) ३१
रेखाचित्र ५.४: वैदेशिक रोजगारमा जाने श्रमिकहरुको संख्या (जिल्लागत) ३४

# सारांश

कर्णाली प्रदेशका १० जिल्लाहरुमध्ये ४ जिल्लाहरु जुम्ला, मुगु, हुम्ला र डोल्पाको गैरस्थलगत र ६ जिल्लाहरु सुर्खेत, सल्यान, दैलेख, जाजरकोट, रुकुम पश्चिम र कालिकोटको स्थलगत भ्रमणको माध्यमबाट तयार पारिएको यस प्रदेशको आर्थिक वर्ष २०७७/७८ को आर्थिक गतिविधि अध्ययन प्रतिवेदनको सारांश निम्नानुसार प्रस्तुत गरिएको छ ।

## कृषि क्षेत्र

- आर्थिक वर्ष २०७६/७७ को तुलनामा आर्थिक वर्ष २०७७/७८ मा कर्णाली प्रदेशमा समग्र कृषि बालीले ढाकेको क्षेत्रफल ४.६८ प्रतिशतले बढेको छ । जसमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल ४.५२ प्रतिशत, तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफल ३.०३ प्रतिशत र फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफल ७.५४ प्रतिशतले वृद्धि भएको छ ।
- प्रमुख कृषि बालीमध्ये धानबालीले ढाकेको क्षेत्रफल ०.४० प्रतिशतले बढेको छ । मकै, गहुँ र कोदो बालीले ढाकेको क्षेत्रफल क्रमशः ६.५७ प्रतिशत, ०.२१ प्रतिशत र २.६९ प्रतिशतले बढेको छ । त्यस्तै, फापर बालीले ढाकेको क्षेत्रफल १.८० प्रतिशत, आलुले ढाकेको क्षेत्रफल ९.९० प्रतिशत र भटमासले ढाकेको क्षेत्रफल २७.७० प्रतिशतले बढेको छ । जौ बालीले ढाकेको क्षेत्रफल भने ३.२६ प्रतिशतले घटेको छ ।
- कर्णाली प्रदेशमा तरकारी बालीको क्षेत्रफल १३ हजार ८ सय २७ हेक्टर रहेको छ भने ९ हजार ६ सय ८२ हेक्टर जमिनमा स्याउ खेती गरिएको छ ।
- आर्थिक वर्ष २०७६/७७ को तुलनामा आर्थिक वर्ष २०७७/७८ मा प्रमुख कृषि बालीको उत्पादन १.८१ प्रतिशतले वृद्धि भएको छ । जसमा खाद्य तथा अन्य बालीको उत्पादन ४.६९ प्रतिशतले बढेको छ भने तरकारी तथा बागवानीको उत्पादन १.३ प्रतिशत र फलफूल तथा मसलाको उत्पादन १.४५ प्रतिशतले घटेको छ ।
- खाद्य तथा अन्य बालीभित्र पर्ने प्रमुख कृषिबालीमा धान बालीको उत्पादन २.०५ प्रतिशतले बढेको छ भने मकै उत्पादन ७.०५ प्रतिशतले बढेको छ । कोदो र फापरको उत्पादन क्रमशः ४.४४ प्रतिशत र ५.३५ प्रतिशतले बढेको छ । गहुँ र जौ उत्पादन भने समीक्षा वर्षमा क्रमशः ६.८४ र ९.४१ प्रतिशतले घटेको छ ।
- कर्णाली प्रदेशमा आ.व. २०७७/७८ मा दूध उत्पादन २६.६५ प्रतिशतले बढेको छ । त्यस्तै, मासु, अण्डा र माछा उत्पादन क्रमशः ८४.०३ प्रतिशत, ३८.०१ प्रतिशत र १९.४७ प्रतिशतले बढेको छ ।
- समीक्षा वर्षमा यस प्रदेशमा रहेको कुल खेतीयोग्य जमिन ८३ हजार ९ सय ७९ हेक्टरमध्ये ५९ हजार २ सय ८० हेक्टर क्षेत्रफलमा खेती गरिएको छ । जसमध्ये १५ हजार २ सय ९४ हेक्टर क्षेत्रफलमा मात्र सिंचाई सुविधा पुगेको छ ।
- २०७८ असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाबाट कर्णाली प्रदेशको समग्र कृषि क्षेत्रमा प्रवाहित कर्जा गत वर्षको तुलनामा ४७.८४ प्रतिशतले बढेर रु. ३ खर्ब ९२ अर्ब ६३ करोड पुगेको छ ।

## उद्योग क्षेत्र

- उद्योग विभागद्धारा प्रकाशित औद्योगिक तथ्याङ्क २०७६/७७ अनुसार कर्णाली प्रदेशमा साना, मझौला र ठूला उद्योग गरी जम्मा ४० वटा उद्योगहरु दर्ता भएका छन् ।
- यस प्रदेशमा प्रवाह भएको कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश १५.०३ प्रतिशत रहेको छ । कुल औद्योगिक कर्जामध्ये सबैभन्दा धेरै कर्जा निर्माण सम्बन्धी क्षेत्रमा ७१.९९ प्रतिशत र सबैभन्दा कम खानी सम्बन्धी क्षेत्रमा १.२८ प्रतिशत प्रवाहित भएको छ ।
- आर्थिक वर्ष २०७७/७८ मा कर्णाली प्रदेशमा हुम्ला जिल्लामा बाहेक अरु जिल्लामा औद्योगिक कर्जामा उल्लेख्य वृद्धि भएको देखिन्छ । सुर्खेत जिल्लामा सबैभन्दा धेरै रु. ४६३.०८ करोड औद्योगिक कर्जा प्रवाह भएको छ भने सबैभन्दा कम रु. ८.३० करोड डोल्पा जिल्लामा प्रवाह भएको छ ।

## सेवा क्षेत्र

- समीक्षा वर्षमा भारत, चीन लगायत तेस्रो मुलुकबाट यस प्रदेशमा भित्रिने पर्यटकको संख्या ८७.०४ प्रतिशतले घटेर १ हजार ३ सय ९९ जनामा सिमित भएको छ। उक्त अवधिमा यस प्रदेशमा पर्यटकस्तरीय होटल तथा लजको संख्या २१.९१ प्रतिशतले वृद्धि भएको छ।
- आ.व. २०७७/७८ मा घरजग्गा रजिष्ट्रेशन संख्या ४८.६९ प्रतिशतले वृद्धि भएको छ । यस अवधिमा घर/भवन नक्सा पास संख्या २९.५५ प्रतिशतले बढेको छ। त्यसैगरी, घरजग्गा रजिष्ट्रेशन बापतको राजश्व ५३.३७ प्रतिशतले बढेको छ।
- २०७८ असार मसान्तसम्ममा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुले सेवा क्षेत्रबाट संकलन गरेको निक्षेप ३५.९१ प्रतिशतले वृद्धि भई रु. ५७ अर्व २२ करोड ११ लाख पुगेको छ भने कर्जा प्रवाह ४१.२२ प्रतिशतले वृद्धि भई रु. ५१ अर्ब ३३ करोड १७ लाख पुगेको छ।
- समीक्षा वर्षमा यस प्रदेशमा दर्ता भएका कुल सवारी साधनको संख्या १४९.३२ प्रतिशतले वृद्धि भई १४ हजार ३ सय ९३ पुगेको छ। यसमध्ये मोटरसाईकलको संख्यामा १८४.९६ प्रतिशतले वृद्धि भई १० हजार ६ सय ७६ पुगेको छ।
- २०७८ असार मसान्त सम्ममा कर्णाली प्रदेशभर जम्मा १० लाख ६४ हजार १ सय १९ टेलिफोन वितरण भएका छन्।
- समीक्षा वर्षमा यस प्रदेशमा रहेका सरकारी/सामुदायिक अस्पतालको संख्यामा कुनैपनि परिवर्तन भएको छैन भने चिकित्सकहरुको संख्यामा १२.७६ प्रतिशतले कमी आएको छ । त्यस्तै, समीक्षा वर्षमा सरकारी/सामुदायिक विद्यालयको संख्या २.१३ प्रतिशतले घटेको छ।

## पूर्वाधार क्षेत्र

- कर्णाली प्रदेशमा कच्ची र पक्की सडक गरी करीब १,४४१.१९ कि.मि. सडक सञ्जाल रहेको छ । यस प्रदेशका १० जिल्लाहरुमध्ये डोल्पा, हुम्ला र मुगु जिल्लामा हालसम्म कुनैपनि सडकहरु कालोपत्रे भएका छैनन् ।
- समीक्षा वर्षमा यस प्रदेशमा विद्युत प्रसारण लाईन ५,६३६.४४ कि.मि. पुगेको छ। रुकुम पश्चिममा सबैभन्दा धेरै विद्युत प्रसारण लाईन १,५४३ कि.मि. रहेको छ भने जुम्ला जिल्लामा सबैभन्दा कम ५५.२८ कि.मि. प्रसारण लाइन रहेको छ।
- हालसम्म यस प्रदेशमा १०.७० मेगावाट विद्युत उत्पादन भएको छ। जसमध्ये सबैभन्दा बढी ८.५५ मेगावाट विद्युत उत्पादन दैलेख जिल्लाबाट र सबैभन्दा कम ०.२० मेगावाट विद्युत उत्पादन समान रुपले जुम्ला र डोल्पा जिल्लाबाट भएको छ।

# परिच्छेद १
# कृषि, उद्योग र सेवा क्षेत्रको तुलनात्मक स्थिति

## १.१ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा

आर्थिक सर्वेक्षण २०७७/७८ अनुसार कुल गार्हस्थ्य उत्पादनमा कर्णाली प्रदेशको हिस्सा ४ प्रतिशत रहेको छ (तालिका १.१) । आर्थिक वर्ष २०७६/७७ मा यस्तो हिस्सा ४.१ प्रतिशत रहेको थियो । कोभिड-१९ माहामारीको कारण प्रदेश तथा स्थानीय तहका आर्थिक गतिविधिहरु प्रभावित भएकाले यस प्रदेशले कुल गार्हस्थ्य उत्पादनमा अपेक्षित योगदान गर्न सकेको छैन ।

**तालिका १.१: कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान**
(आर्थिक बर्ष २०७७/७८)

| क्षेत्रगत परिसूचकहरु | प्रदेश १ | प्रदेश २ | बाग्मती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादनमा हिस्सा | १५.६ | १३.२ | ३७.७ | ८.७ | १४.० | ४.० | ६.९ |
| **प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको संरचना** | | | | | | | |
| कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान | ३५.७ | ३९.० | १२.३ | २९.० | ३२.५ | ३३.५ | ३६.१ |
| कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान | १५.७ | १०.९ | १०.३ | १६.७ | १४.२ | १०.२ | १३.२ |
| कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान | ४८.६ | ५०.२ | ७७.४ | ५४.४ | ५३.३ | ५६.३ | ५०.७ |

*स्रोत: केन्द्रीय तथ्याङ्क विभाग*

केन्द्रीय तथ्याङ्क विभागका अनुसार आर्थिक वर्ष २०७७/७८ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३३.५ प्रतिशत, १०.२ प्रतिशत र ५६.३ प्रतिशत रहेको छ । अन्य प्रदेशहरुमा जस्तै कर्णाली प्रदेशमा पनि सेवा क्षेत्रको योगदान उच्च रहेको छ । तथापी, सेवा क्षेत्रका विकासका संवाहककहरुको विस्तार एवम् समुचित उपयोग गर्दै राष्ट्रिय उत्पादनमा यस प्रदेशको योगदान बढाउनुपर्ने देखिन्छ ।

## १.२ अन्तरप्रदेश तुलना

कर्णाली प्रदेशको आर्थिक परिसूचकहरु अन्य प्रदेशको तुलनामा निकै पछाडि रहेको देखिन्छ । जस्तै, कृषि उपजले ढाकेको भू-क्षेत्र सबैभन्दा धेरै प्रदेश नं. १ मा १९.२३ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा ५.९५ प्रतिशत रहेको छ (तालिका १.२) । त्यसैगरी, कृषि बालीको उत्पादन सबैभन्दा धेरै प्रदेश नं. २ मा २६.७० प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशमा ५ प्रतिशत रहेको छ । प्रदेश नं. २ ले कुल नेपालको सिंचित क्षेत्रफलमध्ये सबैभन्दा धेरै २६.७० प्रतिशत ओगटेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशले ३.४० प्रतिशत ओगटेको छ ।

अन्य प्रदेशको तुलनामा कर्णाली प्रदेशमा सबैभन्दा कम कृषि तथा पशुपन्छिजन्य उत्पादन भएको देखिन्छ । सबैभन्दा बढी दूध उत्पादन प्रदेश नं. १ मा १९.६ प्रतिशत रहेको छ भने सबैभन्दा कम सुदुरपश्चिम प्रदेशमा ६.७० प्रतिशत रहेको छ । माछामासु र अण्डा उत्पादमा प्रदेश नं. २ को हिस्सा सबैभन्दा बढी १९.३१ प्रतिशत र ३९.६० प्रतिशत रहेको छ भने सबैभन्दा कम हिस्सा सुदूरपश्चिम र कर्णाली प्रदेशको क्रमश ६.२५ प्रतिशत र ०.१० प्रतिशत रहेको छ । साथै, कर्णाली प्रदेशले जम्मा दूध उत्पादनको १०.३० प्रतिशत र माछामासुजन्य उत्पादनको ८.८७ प्रतिशत हिस्सा ओगटेको छ ।

कर्णाली प्रदेशमा अन्य प्रदेशको तुलनामा निकै कम उद्योगहरु दर्ता भएको देखिन्छ । यस प्रदेशमा अन्य प्रदेशको तुलनामा सबैभन्दा कम ४० वटा उद्योगहरु दर्ता भएका छन् ।

**तालिका १.२: प्रादेशिक आर्थिक परिसूचकहरु**
(अर्ध वार्षिक २०७७/७८)

| परिसूचकहरु | प्रदेश १ | प्रदेश २ | बाग्मती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|
| **कृषि तथा पशुपन्छिजन्य उत्पादन (प्रतिशत)** | | | | | | | |
| कृषि उपजले ढाकेको भू-क्षेत्र ( प्रतिशत) | १९.२३ | १८.३२ | ११.८६ | १७.०९ | १७.०७ | ५.९५ | १०.४९ |
| कृषि बालीको उत्पादन (प्रतिशत) | १९.५१ | २४.५९ | १४.७९ | ८.७३ | १७.२७ | ५.०० | १०.१० |
| सिञ्चित क्षेत्रफल (प्रतिशत) | २४.२० | २६.७० | १०.२० | १४.२० | १२.५० | ३.४० | ८.८० |
| दूध उत्पादन | १९.६ | १७.०० | १९.४० | ११.१० | १५.७० | १०.३० | ६.७० |
| माछामासुजन्य उत्पादन | १९.०२ | १९.३२ | १६.४० | ११.८१ | १८.३३ | ८.८७ | ६.२५ |
| अण्डा | १४.९० | ३९.६० | ९.६० | २१.४० | ११.५० | ०.१० | ३.६० |
| **उद्योग क्षेत्र** | | | | | | | |
| उद्योगको संख्या | ८१२ | ५७४ | ५६३१ | ७९० | ५०० | ३८ | १२२ |
| **सेवा क्षेत्र** | | | | | | | |
| घरजग्गा रजिष्ट्रेशन संख्या | ७९,९५६ | ९९,१५१ | ८४,९५१ | २३,३२१ | ७०,११२ | १५,७२० | १८,४४४ |
| यातायातका साधनको संख्या | ६,५२,१८६ | १०,२८,८४६ | १४,६४,८३१ | ११,६०७ | ९,३०,६८६ | ५,४२७ | १,३६,४६२ |
| बिद्युत प्रसारण लाईन (कि. मि.) | २,६२४ | २,९११ | ३,२४३ | ३,३८४ | ३,९८९.५० | ३,९९० | - |
| **वित्तीय क्षेत्र** | | | | | | | |
| बैंक तथा वित्तीय संस्थाका शाखाहरु | १,६१३ | १,५१३ | २,६४१ | १,३२१ | १,९७९ | ३९९ | ७२२ |
| औद्योगीक कर्जा (प्रतिशत) | १०.०६ | ७.७ | ६४.८ | ४.९ | ९.५ | ०.६ | २.० |
| प्रदेशगत कर्जा निक्षेप अनुपात प्रतिशत) | १३३.३ | १४१.६ | ७१.५ | ८२.२ | ११३.६ | ९८.२ | १२०.२ |
| सेवा क्षेत्र कर्जा (प्रतिशत) | १०.७० | ८.४० | ५६.५० | ७.४० | १२.० | १.४ | ३.४ |
| सहुलियतपूर्ण कर्जा (प्रतिशत) | १६.९ | ८०.६ | ३८.९ | १४.२ | १५.४ | १.२ | ४.८ |
| विपन्न वर्ग कर्जा (प्रतिशत) | १३.९ | ७.७ | ५०.७ | १०.० | ११.१ | २.७ | ३.९ |
| पुनरकर्जा (प्रतिशत) | १०.८ | ६.६ | ५८.९ | ७.५ | ११.६ | १.७ | २.९ |

*स्रोत: एकीकृत आर्थिक गतिविधि अध्ययन, नेपाल राष्ट्र बैंक*

कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान सबैभन्दा बढि ५६.३ प्रतिशत भएतापनि यस क्षेत्रको विकासका संवाहकहरु, जस्तै यातायातका साधनहरु तथा घरजग्गा रजिष्ट्रेशनको संख्या यस प्रदेशमा सबैभन्दा कम रहेको छ । यद्यपी, यस प्रदेशमा अन्य प्रदेशको तुलनामा सबैभन्दा धेरै ३,९९० कि.मि. विद्युत प्रसारण लाईन रहेको छ ।

वित्तीय क्षेत्रका परिसूचकका आधारमा कर्णाली प्रदेश अन्य प्रदेशभन्दा निकै पछाडि देखिन्छ । अर्धवार्षिक प्रतिवेदन २०७७/७८ अनुसार यस प्रदेशमा सबैभन्दा कम ३९९ वटा बैंक तथा वित्तीय संस्थाका शाखाहरु रहेका छन् । त्यसैगरी यस प्रदेशमा अन्य प्रदेशभन्दा सबैभन्दा कम कर्जा उपयोग भएको देखिन्छ । जस्तै, कर्णाली प्रदेशले औद्योगीक कर्जा, सेवा क्षेत्र कर्जा, सहुलियतपूर्ण कर्जा, विपन्न वर्ग कर्जा र पुनरकर्जा क्रमश: ०.६ प्रतिशत, १.४ प्रतिशत, १.२ प्रतिशत, २.७ प्रतिशत र १.७ प्रतिशत उपयोग गरेको छ ।

### १.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती

### १.३.१ प्रादेशिक क्षमता र सम्भावना

- समुद्री सतहदेखि झण्डै ३ सय मिटरदेखि ७ हजार मिटर भन्दा बढिको उचाईमा फैलिएको यो प्रदेश धरातलीय स्वरुपमा पनि विविधतायुक्त रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार कुल जनसंख्याको ५.९३ प्रतिशत जनसंख्या रहेको यस प्रदेशमा रहेका ८ वटा विमानस्थलमध्ये ७ वटा विमानस्थल सञ्चालनमा छन् भने कालिकोटको सुनथराली विमानस्थल निर्माण भएतापनि अहिलेसम्म सञ्चालनमा आउन सकेको छैन । हालसम्म जम्मा १०.७० मेगावाट विद्युत उत्पादन भएको यस प्रदेशले जलविद्युत उत्पादनको उच्च सम्भावना बोकेको छ ।
- देशको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा कम योगदान रहेको यो प्रदेश तुलनात्मक रुपमा कृषि, पर्यटन र उर्जाको क्षेत्रमा बढी सम्भावना भएको प्रदेश हो । अधिकांश भू-भाग पहाडी तथा उच्च हिमाली क्षेत्रले ओगटेको हुँदा यो प्रदेश बहमूल्य जडीबुटी, खनिज तेल, खानी र रत्नहरुको भण्डारको रुपमा रहेको छ । यस प्रदेशमा प्राङ्गारिक कृषि क्षेत्रको ठूलो हिस्सा रहेको हुँदा अर्गानिक कृषिको समेत सम्भावना रहेको छ । रारा, फोक्सुण्डो, कुपिण्डे, बुलबुले जस्ता सुन्दर तालहरु, काक्रेविहार, देउती वज्यै, पञ्चदेवल, पञ्चकोशी ज्वाला क्षेत्र जस्ता धार्मिक तथा साँस्कृतिक महत्वका क्षेत्रहरु र विभिन्न फाँट तथा उपत्यकाहरुले भरिपूर्ण यो प्रदेश पर्यटन व्यवसायमा समेत उच्च सम्भावना भएको प्रदेश हो ।
- यस प्रदेशमा रहेका ठूला-ठूला नदीहरु तथा पानीको अन्य स्रोतबाट आधुनिक प्रविधियुक्त सिंचाई विस्तार गरी कृषि उत्पादन र उत्पादकत्वमा उल्लेख्य वृद्धि गर्नसक्ने सम्भावना रहेको छ । सहुलियतपूर्ण कर्जाको उच्चतम प्रयोग गरी साना तथा मझौला उद्योगहरुको विकास र विस्तार गर्न सकिने सम्भावना रहेको छ । यस प्रदेशमा शिक्षा तथा स्वास्थ्यको क्षेत्रमा पनि लगानीको खाँचो रहेकाले त्यसतर्फ पनि रोजगारी सिर्जना हुने देखिन्छ ।

### १.३.२ प्रादेशिक चुनौती

- वैदेशिक रोजगारीका लागि भारत तथा खाडी मुलुकमा जाने गरेका अधिकाँश युवा जनशक्तिलाई प्रदेशमै रोजगारीको अवसर सिर्जनागरी बढ्दो गरिबी तथा बेरोजगारीलाई न्यूनिकरण गर्नु, भौगोलिक विकटताका बाबजुद यातायात, सञ्चार, शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रको पूर्वाधार तथा आधारभूत सेवाको विस्तारगरी समग्र पूर्वाधार क्षेत्रको विकास गर्नु यस प्रदेशको मुख्य चुनौतीको रुपमा रहेको छ । परम्परागत खेतीमा आधारित निर्वाहमुखी कृषि प्रणालीलाई आधुनिक तथा वैज्ञानिक र रोजगारीयुक्त व्यवसायीक कृषि प्रणालीमा रुपान्तरण गर्नु अर्को महत्वपूर्ण चुनौती रहेको छ ।
- बहुमुल्य जडीबुटीहरुको प्रदेशमै प्रशोधन गरी प्रदेशबाटै अन्तिम वस्तुको उत्पादन तथा बिक्री वितरण गर्नु र महत्वपूर्ण सम्भावित खानी तथा पत्थरहरुको उत्खनन् गर्न उद्योगहरुको स्थापना तथा सञ्चालन गर्नु, विमानस्थलमा ग्राउण्ड ह्याण्डलिङको व्यवस्था गर्दै स्थापित होटल तथा होमस्टे व्यवसायको गुणस्तर अभिवृद्धिगरी सम्भावित क्षेत्रमा पर्यटक आवागमनलाई निरन्तरता दिने कार्य चुनौतीपूर्ण रहेको देखिन्छ । न्यून आय तथा रोजगारीको कारणले शिक्षा तथा स्वास्थ्यको पहुँचमा आउन नसकेको जनसंख्याको हिस्सालाई न्यूनिकरण गर्दै स्थापित संयन्त्रहरुको विकास र विस्तार गर्ने कार्य पनि चुनौतीपूर्ण रहेको छ ।

# परिच्छेद २
# कृषि क्षेत्र


## २.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०७७/७८ मा कर्णाली प्रदेशमा समग्र कृषि बालीले ढाकेको क्षेत्रफल ४.६८ प्रतिशतले बढेको देखिन्छ । गत आर्थिक वर्षमा यस्तो क्षेत्रफल ४.९१ प्रतिशतले घटेको थियो । महामारीको रुपमा विश्वभरिनै फैलिएको कोभिड-१९ का कारण उद्योग लगायत अन्य क्षेत्रहरु बन्द हुँदा कृषि क्षेत्रप्रतिको बढ्दो आकर्षणले समीक्षा वर्षमा कृषि बालीले ढाकेको क्षेत्रफल बढेको अनुमान छ ।

### २.१.१ खाद्य तथा अन्य बाली

आर्थिक वर्ष २०७७/७८ मा कर्णाली प्रदेशभित्र खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल ४.५२ प्रतिशतले वृद्धि भएको छ । गत आर्थिक वर्षमा उक्त क्षेत्रफल ६.४५ प्रतिशतले घटेको थियो । समीक्षा वर्षमा कर्णाली प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल २ लाख ८८ हजार ८ सय ८० हेक्टर रहेको छ ।

**रेखाचित्र २.१: प्रमुख कृषि बालीले ढाकेको भू-क्षेत्र (हेक्टर)**




*स्रोतः कृषि विकास निर्देशनालय, सुर्खेत र जिल्लास्थित कृषि विकास कार्यालयहरु*

प्रमुख बालीहरुमध्ये समीक्षा वर्षमा धानबालीले ढाकेको क्षेत्रफल ०.४० प्रतिशतले बढेको छ । गत वर्ष यस बालीले ढाकेको क्षेत्रफल ०.९३ प्रतिशतले बढेको थियो । त्यस्तै, मकै, गहुँ र कोदो बालीले ढाकेको क्षेत्रफल समीक्षा वर्षमा क्रमशः ६.५७ प्रतिशत, ०.२१ प्रतिशत र २.६९ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष मकै बालीले ढाकेको क्षेत्रफल १.६७ प्रतिशतले घटेको थियो भने गहुँ र कोदो बालीले ढाकेको क्षेत्रफल क्रमशः ०.७२ प्रतिशत र ०.११ प्रतिशतले बढेको थियो ।

आर्थिक वर्ष २०७७/७८ मा जौ बालीले ढाकेको क्षेत्रफल ३.२६ प्रतिशतले घटेको छ । गत वर्ष उक्त बालीले ढाकेको क्षेत्रफल २.१४ प्रतिशतले वृद्धि भएको थियो । आर्थिक वर्ष २०७७/७८ मा फापर, आलु र भटमासले ढाकेको क्षेत्रफल

क्रमशः ६.२३ प्रतिशत, १३.५५ प्रतिशत र १०.७६ प्रतिशतले वृद्धि भएको छ, जुन आ.व. २०७६/७७ मा क्रमशः १.८० प्रतिशत, ९.९० प्रतिशत र २७.७० प्रतिशतले बढेको थियो ।

अघिल्लो आर्थिक वर्षमा दलहन बालीले ढाकेको क्षेत्रफल ५७.४४ प्रतिशतले घटेको थियो भने समीक्षा वर्षमा यो क्षेत्रफल २३.८४ प्रतिशतले बढेको छ । त्यस्तै, अघिल्लो आर्थिक वर्षमा ६.५२ प्रतिशतले घटेको तेलहन बालीले ढाकेको क्षेत्र, समीक्षा वर्षमा १.८० प्रतिशतले बढेको छ ।


### २.१.२ तरकारी तथा बागवानी

आर्थिक वर्ष २०७७/७८ मा तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफल ३.०३ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षमा यो क्षेत्रफल ४.२० प्रतिशतले बढेको थियो । आर्थिक वर्ष २०७७/७८ को तथ्याङ्क अनुसार तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफल क्रमशः १३ हजार ८ सय २७ हेक्टर र १ हजार ५ सय ४८ हेक्टर रहेको छ ।

### २.१.३ फलफूल तथा मसला

आ.व. २०७७/७८ मा कर्णाली प्रदेशमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफल ७.५४ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो आर्थिक वर्षमा यस्तो क्षेत्रफल ११.८० प्रतिशतले वृद्धि भएको थियो ।

**रेखाचित्र २.२: प्रमुख फलफुल बालीले ढाकेको भू-क्षेत्र (हेक्टर)**




*स्रोतः कृषि विकास निर्देशनालय, सुर्खेत र जिल्लास्थित कृषि विकास कार्यालयहरु*

प्रमुख फलफूलका रुपमा रहेका सुन्तला र आँपले ढाकेको क्षेत्रफल समीक्षा वर्षमा क्रमशः ०.१२ प्रतिशत र १.४९ प्रतिशतले घटेको छ । अघिल्लो आर्थिक वर्षमा यी फलफूलहरुले ढाकेको क्षेत्रफल क्रमशः ५.०१ प्रतिशत र १६.८६ प्रतिशतले बढेको थियो । आर्थिक वर्ष २०७७/७८ मा कर्णाली प्रदेशको करिव ९ हजार ६ सय ८२ हेक्टर जमिन स्याउ खेतीले ढाकेको छ । अघिल्लो आर्थिक वर्षमा ८ हजार २ सय २७ हेक्टरमा रहेको स्याउ खेती यस आर्थिक वर्षमा १७.६९ प्रतिशतले बढेको छ । त्यस्तै, आर्थिक वर्ष २०७६/७७ मा ३.८१ प्रतिशतले बढेको केरा खेती समीक्षा अवधिमा २.५१ प्रतिशतले बढेको छ । अन्य फलफूलले ढाकेको क्षेत्रफल, समीक्षा वर्षमा २१.२२ प्रतिशतले घटेको छ । आर्थिक वर्ष २०७६/७७ मा २ हजार ९ सय १३ हेक्टर जमिनमा फैलिएको अन्य फलफूल खेती आर्थिक वर्ष २०७७/७८ मा २,२९५ हेक्टरमा खुम्चिएको छ । त्यस्तै समीक्षा वर्षमा अदुवा तथा बेसार जस्ता प्रमुख मसला बालीले ढाकेको क्षेत्रफल १९.९१ प्रतिशतले बढेको देखिन्छ ।

**तालिका २.१: कृषि उपजले ढाकेको भू-क्षेत्र (जिल्लागत)**

| जिल्ला | क्षेत्रफल (हेक्टर) | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला |
| सुर्खेत | ५३,४७९ | २,४०६ | २,७९४ | १८.५१ | १५.६५ | ११.६१ |
| दैलेख | ५३,३४३ | २,७२५ | ३,३५३ | १८.४७ | १७.७२ | १३.९३ |
| जुम्ला | २१,६०० | ५५० | ४,३६० | ७.४८ | ३.५८ | १८.११ |
| रुकुम पश्चिम | २०,३६७ | १,५७६ | ४६७ | ७.०५ | १०.२५ | १.९४ |
| हुम्ला | ५,६१९ | ४६१ | २,९५६ | १.९४ | ३.०० | १२.२८ |
| जाजरकोट | ३९,६७५ | ९९६ | १,९३१ | १३.७३ | ६.४८ | ८.०२ |
| कालिकोट | १७,५०८ | २,६०६ | २,३७५ | ६.०६ | १६.९५ | ९.८७ |
| डोल्पा | ७,५९८ | २५५ | १,२३८ | २.६३ | १.६६ | ५.१४ |
| मुगु | ११,९४३ | ६८८ | ६०२ | ४.१३ | ४.४७ | २.५० |
| सल्यान | ५७,७४९ | ३,११२ | ३,९९५ | १९.९९ | २०.२४ | १६.६० |
| जम्मा | २,८८,८८१ | १५,३७५ | २४,०७१ | १०० | १०० | १०० |

*स्रोत: कृषि विकास निर्देशनालय, सुर्खेत र जिल्लास्थित कृषि विकास कार्यालयहरु*

जिल्लागत तथ्याङ्क अनुसार, कर्णाली प्रदेशको कुल खाद्य तथा अन्य बाली र तरकारी तथा बागवानी बालीले ढाकेको क्षेत्रफलमा सल्यानको अंश सबैभन्दा बढी क्रमश: १९.९९ प्रतिशत र २०.२४ प्रतिशत रहेको छ (तालिका २.१) । त्यसैगरी, सबैभन्दा कम १.९४ प्रतिशत खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल हुम्ला जिल्लाको रहेको छ भने डोल्पा जिल्लाले कर्णाली प्रदेशको कुल तरकारी तथा बागवानी बालीले ढाकेको क्षेत्रफलको सबैभन्दा कम १.६६ प्रतिशत भू-भाग ओगटेको छ । जुम्ला जिल्लाले कर्णाली प्रदेशको कुल फलफुल तथा मसला बालीले ढाकेको क्षेत्रफलमध्ये सबैभन्दा बढी १८.११ प्रतिशत क्षेत्रफल आगटेको छ भने रुकुम पश्चिमले सबैभन्दा कम १.९४ प्रतिशत भू-भाग ओगटेको छ ।


## २.२ कृषि उत्पादन

आर्थिक वर्ष २०७७/७८ मा कर्णाली प्रदेशमा प्रमुख कृषि बालीको उत्पादन १.८१ प्रतिशतले वृद्धि भएको छ । गत आर्थिक वर्षमा यस्तो उत्पादन ११.२१ प्रतिशतले वृद्धि भएको थियो । आर्थिक वर्ष २०७६/७७ मा १४.५९ लाख मेट्रिक टन रहेको कृषि उत्पादन करिव २६ हजार ४ सय ६८ मेट्रिक टनले बढेर १४.८५ लाख मेट्रिक टन पुगेको छ । समीक्षा वर्षमा कृषि बालीले ढाकेको क्षेत्रफलमा सुधार देखिएतापनि कोभिड-१९ ले अन्तर-सरकारी निकायहरुबीच उचित समन्वय नभई सिंचाई सुविधाको विस्तार हुन नसकेको र कृषि लक्षित कार्यक्रम तथा विनियोजित बजेटहरुको कार्यान्वयन हुन कठिनाई भएकोले यस प्रदेशको कृषि उत्पादनमा उल्लेख्य सुधार हुन नसकेको देखिन्छ । यद्यपी, कमजोर भू-बनोट तथा कोभिड महामारीको बीचमा कृषि उत्पादनमा आएको वृद्धिदरलाई सकारात्मक रुपमा लिन सकिन्छ ।

### २.२.१ खाद्य तथा अन्य बाली

समीक्षा वर्षमा खाद्य तथा अन्य बालीको उत्पादन ४.६९ प्रतिशतले बढेको छ । गत आर्थिक वर्षमा यस्तो उत्पादन ४.८१ प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा कर्णाली प्रदेशको खाद्य तथा अन्य बालीको समष्टिगत उत्पादन ७.८४ लाख मेट्रिक टन रहेको छ ।

**रेखाचित्र २.३: प्रमुख कृषि बाली उत्पादन (मेट्रिक टन)**




*स्रोत: कृषि विकास निर्देशनालय, सुर्खेत र जिल्लास्थित कृषि विकास कार्यालयहरु*

समीक्षा वर्षमा प्रमुख कृषि बालीमध्ये धान बालीको उत्पादन २.०५ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो उत्पादन ०.६२ प्रतिशतले मात्र बढेको थियो । त्यस्तै, गत आर्थिक वर्षमा ५.६१ प्रतिशतले बढेको मकै उत्पादन समीक्षा वर्षमा ७.०५ प्रतिशतले बढेको छ । आर्थिक वर्ष २०७७/७८ मा कोदो र फापरको उत्पादन क्रमश: ४.४४ प्रतिशत र ५.३५ प्रतिशतले बढेको छ भने गत वर्ष उक्त बालीहरुको उत्पादन क्रमश: ०.९५ प्रतिशत र ३.६१ प्रतिशतले बढेको थियो । आर्थिक वर्ष २०७६/७७ मा क्रमश: ६.४५ प्रतिशत र १७.०६ प्रतिशतले बढेको गहुँ र जौ उत्पादन समीक्षा वर्षमा क्रमश: ६.८४ प्रतिशत र ९.४१ प्रतिशतले घटेको छ । यस प्रदेशको अधिकाँश भू-भाग हिमाली क्षेत्रमा पर्ने भएको र हिमाली क्षेत्रमा भईरहेको जलवायु परिवर्तनका कारण यस क्षेत्रको कृषि उत्पादकत्वमा ह्रास आएको देखिन्छ । समीक्षा वर्षमा आलु र भट्मासको उत्पादन क्रमश: १७.९१ प्रतिशत र ६१.८९ प्रतिशतले बढेको छ । गत आर्थिक वर्षको सोही अवधिमा यी बालीहरुको उत्पादन क्रमश: ५.६१ प्रतिशत र ९.२७ प्रतिशतले बढेको थियो ।

समीक्षा अवधिमा कर्णाली प्रदेशभित्र फापरको उत्पादन ५.३५ प्रतिशतले बढेको छ । गत आर्थिक वर्षमा यो उत्पादन ३.६१ प्रतिशतले बढेको थियो । आर्थिक वर्ष २०७६/७७ मा ६.२० प्रतिशतले घटेको तेलहन उत्पादन समीक्षा अवधिमा ३.२१ प्रतिशतले बढेको छ । त्यस्तै, समीक्षा अवधिमा दलहन बालीको उत्पादन ३.६८ प्रतिशतले बढेको छ । गत आर्थिक वर्षमा यस बालीको उत्पादन ५.७३ प्रतिशतले बढेको थियो ।

### २.२.२ तरकारी तथा बागवानी


समीक्षा वर्षमा तरकारी तथा बागवानी उत्पादन १.३० प्रतिशतले घटेको छ । गत आर्थिक वर्षमा सो उत्पादन १९.६२ प्रतिशतले बढेको थियो । आर्थिक वर्ष २०७७/७८ मा तरकारी र बागवानी उत्पादन क्रमश: १.८७ प्रतिशत र ०.७३ प्रतिशतले घटेको छ । प्रतिकूल मौसम, उपयुक्त बीउविजन तथा मल खाद्यको अभाव, परम्परागत खेती प्रणालीको निरन्तरता, व्यवसायीक कृषि प्रणालीमा हुन नसकेको अपेक्षाकृत सुधार नै तरकारी तथा बागवानी उत्पादनमा आएको ह्रासको कारक हुन् ।

सुर्खेत जिल्लाले कर्णाली प्रदेशको जम्मा तरकारी तथा वागबानी उत्पादनको सबैभन्दा धेरै ७९.३७ प्रतिशत हिस्सा ओगटेको छ भने सबैभन्दा कम हिस्सा ०.३९ प्रतिशत डोल्पा जिल्लाले ओगटेको छ ।

### २.२.३ फलफूल तथा मसला

समीक्षा वर्षमा कर्णाली प्रदेशभित्र फलफूल तथा मसला उत्पादन १.४५ प्रतिशतले घटेको छ । गत आर्थिक वर्षमा उक्त उत्पादन १४.३९ प्रतिशतले बढेको थियो ।


**रेखाचित्र २.४: फलफूल उत्पादन (मेट्रिक टन)**




*स्रोत: कृषि विकास निर्देशनालय, सुर्खेत र जिल्लास्थित कृषि विकास कार्यालयहरु*

प्रमुख फलफूलमध्ये सुन्तला उत्पादन समीक्षा वर्षमा १३.९० प्रतिशतले घटेको छ । गत आर्थिक वर्षमा यो उत्पादन १० प्रतिशतले बढेको थियो । त्यस्तै, गत आर्थिक वर्षमा ३३.०१ प्रतिशतले बढेको आँप उत्पादन समीक्षा वर्षमा २८.१५ प्रतिशतले बढेको छ । केरा र स्याउको उत्पादन क्रमशः ४.३२ प्रतिशत र ३.३९ प्रतिशतले घटेको देखिन्छ । गत आर्थिक वर्षमा केरा र स्याउको उत्पादन क्रमशः ९२.७२ प्रतिशत र ४८.५१ प्रतिशतले बढेको थियो । त्यसैगरी, अन्य फलफूलको उत्पादन समीक्षा वर्षमा ४४.४८ प्रतिशतले घटेको छ । गत आर्थिक वर्षमा यस्तो उत्पादन १२५.९२ प्रतिशतले बढेको थियो । अदुवा, बेसार लगायतका प्रमुख मसला बालीको उत्पादन समीक्षा वर्षमा ९.१३ प्रतिशतले बढेको देखिन्छ । गत आर्थिक वर्षमा यो उत्पादन ५.६७ प्रतिशतले घटेको थियो । त्यस्तै, समीक्षा वर्षमा कर्णाली प्रदेशमा मह उत्पादन ५१.४३ प्रतिशतले बढेको छ । गत आर्थिक वर्षमा यस्तो उत्पादन ६६७.१८ प्रतिशतले बढेको थियो ।

**रेखाचित्र २.५: प्रमुख कृषि बालीको उत्पादन (प्रतिशत)**




*स्रोत: कृषि विकास निर्देशनालय, सुर्खेत र जिल्लास्थित कृषि विकास कार्यालयहरु*

समीक्षा वर्षमा खाद्य तथा अन्य बालीको उत्पादनले कुल उत्पादनको ५२.८६ प्रतिशत हिस्सा ओगटेको छ । जसमध्ये, सबैभन्दा धेरै (३१.२९ प्रतिशत) हिस्सा मकै उत्पादनको रहेको छ भने सबैभन्दा कम (०.२९ प्रतिशत) हिस्सा फापर उत्पादनको रहको छ । साथै, मह उत्पादनले कुल उत्पादनको सबैभन्दा कम हिस्सा (०.१५ प्रतिशत) ओगटेको छ । त्यसैगरी, तरकारी र फलफूल तथा मसला उत्पादनको हिस्सा क्रमशः ३८.८१ प्रतिशत र ८.२६ प्रतिशत रहेको छ । त्यस्तै, गहुँ, धान, कोदो र अन्य बालीले कुल उत्पादित खाद्य तथा अन्य बालीको क्रमशः २१.०५ प्रतिशत, १७.४९ प्रतिशत, २.६५ प्रतिशत र २७.२३ प्रतिशत हिस्सा ओगटेको छ ।

**तालिका २.२ः प्रमुख कृषि बालीको उत्पादन (जिल्लागत)**
**(आर्थिक वर्ष २०७७/७८)**

| जिल्ला | उत्पादन (मेट्रिक टन) | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला |
| सुर्खेत | १७२३५८ | ४५७७७१ | ३५०७.४ | २१.९८ | ७९.३७ | ३.४२ |
| डोल्पा | १३९७७ | २२५० | ३२९६ | १.७८ | ०.३९ | ३.२१ |
| सल्यान | १७४१९२ | ४०५८० | ३८८५३.०२ | २२.२१ | ७.०४ | ३७.८८ |
| दैलेख | १४६४६१ | २४६८३ | १५९८० | १८.६८ | ४.२८ | १५.५८ |
| कालिकोट | ३५४८८ | १०३८० | १३९३९ | ४.५३ | १.८ | १३.५९ |
| जुम्ला | ५९०४२ | ३५५० | ९१०८ | ७.५३ | ०.६२ | ८.८८ |
| हुम्ला | १३६५३ | ३४६२ | ४४८३ | १.७४ | ०.६ | ४.३७ |
| रुकुम पश्चिम | ६००५१ | २००२२.१ | ९०८१.५२ | ७.६६ | ३.४७ | ८.८५ |
| मुगु | १७११० | ५५६२ | ४२०३ | २.१८ | ०.९६ | ४.१ |
| जाजरकोट | ९१८४६ | ८४७९ | ११६ | ११.७१ | १.४७ | ०.११ |
| जम्मा | ७८४१७८ | ५७६७३९ | १०२५६७ | १०० | १०० | १०० |

*स्रोतः कृषि विकास निर्देशनालय, सुर्खेत र जिल्लास्थित कृषि विकास कार्यालयहरु*

समीक्षा वर्षमा यस प्रदेशको कुल कृषि बाली उत्पादनको सबैभन्दा बढी २२.२१ प्रतिशत हिस्सा सल्यान जिल्लाको रहेको छ भने सबैभन्दा कम १.७४ प्रतिशत हिस्सा हुम्ला जिल्लाको रहेको छ (तालिका २.२) । त्यसैगरी यस प्रदेशको कुल तरकारी तथा बागवानी उत्पादनको सबैभन्दा बढी हिस्सा सुर्खेत जिल्लाको ७९.३७ प्रतिशत रहेको छ भने सबैभन्दा कम ०.३९ प्रतिशत हिस्सा डोल्पा जिल्लाको रहेको छ । त्यस्तै, फलफूल तथा मसला बालीको हिस्सा सबैभन्दा बढी ३७.७७ प्रतिशत सल्यान जिल्लाको रहेको छ भने सबैभन्दा कम ०.११ प्रतिशत हिस्सा जाजरकोट जिल्लाको रहेको छ ।

## २.३ पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन

### २.३.१ पशुजन्य उत्पादन

कर्णाली प्रदेशमा समीक्षा वर्षमा दूध उत्पादन २६.६५ प्रतिशतले बढेको छ । गत आर्थिक वर्षमा यो उत्पादन ३४.९८ प्रतिशतले बढेको थियो । त्यस्तै, मासु र अण्डा उत्पादन क्रमशः ८४.०३ प्रतिशत र ३८.०१ प्रतिशतले बढेको छ । गत आर्थिक वर्षमा मासु उत्पादन १६.८० प्रतिशतले बढेको थियो भने अण्डा उत्पादन २१.४६ प्रतिशतले घटेको थियो । यस प्रदेशका सुर्खेत, दैलेख, सल्यान लगायतका जिल्लाहरुमा युवाहरुको व्यावसायिक पशुपालनप्रतिको आकर्षण तथा सरकारबाट प्रदान गरिएको अनुदानले पशुजन्य उत्पादनमा बढोत्तरी भएको अनुमान छ ।

### २.३.२ माछा उत्पादन

समीक्षा वर्षमा यस प्रदेशको माछा उत्पादन १९.४७ प्रतिशतले बढेको देखिन्छ । जाजरकोट जिल्लामा सबैभन्दा बढी ६०० मेट्रिक टन माछा उत्पादन भएको छ भने सबैभन्दा कम जुम्ला जिल्लामा १.५० मेट्रिक टन उत्पादन भएको छ । प्राप्त तथ्याङ्क अनुसार आ.व. २०७७/७८ मा दैलेख, मुगु र हुम्ला जिल्लामा व्यावसायिक माछापालन हुनसकेको देखिदैन । आर्थिक वर्ष २०७५/७६ सम्म जाजरकोट र कालिकोट जिल्लामा माछापालन नभएको तर आर्थिक वर्ष २०७६/७७ बाट यी जिल्लाहरुमा व्यावसायिक माछापालनको सुरुवात भएकोले आ.व. २०७६/७७ मा कर्णाली प्रदेशको कुल माछा उत्पादनमा उच्च वृद्धि भएको थियो ।


### २.३.३ वनजन्य उत्पादन

समीक्षा वर्षमा कर्णाली प्रदेशमा काठ र दाउरा उत्पादन क्रमशः २२.३१ प्रतिशत र ८.३४ प्रतिशतले बढेको छ । गत आर्थिक वर्षमा काठको उत्पादन २४.७५ प्रतिशतले घटेको थियो भने दाउरा उत्पादन १५.३८ प्रतिशतले बढेको थियो । त्यसैगरी आर्थिक वर्ष २०७७/७८ मा औषधिजन्य वस्तुहरुको उत्पादन ७१.०८ प्रतिशतले बढेको छ । गत आर्थिक वर्षमा यो उत्पादन २१.६४ प्रतिशतले घटेको थियो ।

## २.४ सिंचाइ

समीक्षा वर्षमा यस प्रदेशमा रहेको कुल खेतीयोग्य जमिन ८३ हजार ९ सय ७९ हेक्टरमध्ये ५९ हजार २ सय ८० हेक्टर क्षेत्रफलमा खेती गरिएको छ । जसमध्ये १५ हजार २ सय ९४ हेक्टर क्षेत्रफलमा मात्र सिंचाई सुविधा पुगेको छ । गत वर्ष भन्दा आ.व. २०७७/७८ मा सिंचित क्षेत्रफल ४.१७ प्रतिशतले बढेको छ । आर्थिक वर्ष २०७६/७७ मा भन्दा समीक्षा वर्षमा बार्षिक बजेट तथा प्रगतिमा उल्लेख्य सुधार र युवाहरुको व्यवसायीक कृषि खेतीप्रतिको बढ्दो आकर्षणले खेतीयोग्य क्षेत्रफल र खेती गरिएको क्षेत्रफलमा उल्लेख्य वृद्धि भएको हो । यद्यपी, खेतीयोग्य क्षेत्रफल र खेती गरिएको क्षेत्रफलको तुलनामा सिंचाई सुविधामा विस्तार भएको देखिँदैन ।

**रेखाचित्र २.७: कर्णाली प्रदेशमा सिंचाईको अवस्था (हेक्टर)**




*स्रोत: कृषि विकास निर्देशनालय, सुर्खेत र जिल्ला स्थित कृषि विकास कार्यालयहरु*

समीक्षा वर्षमा कुलोद्वारा सिंचित क्षेत्रफल सबैभन्दा बढी १० हजार २ सय ४२ हेक्टर रहेको छ भने सबैभन्दा कम २ हेक्टर क्षेत्रफल बोरिङ्गद्वारा सिंचित रहेको छ । कुलोद्वारा सिंचित क्षेत्रफल समीक्षा वर्षमा ३ प्रतिशतले बढेको हो । गत आर्थिक वर्षमा यस्तो क्षेत्रफल २.५४ प्रतिशतले बढेको थियो । त्यसैगरी, नहरद्वारा सिंचित क्षेत्रफल समीक्षा वर्षमा करिव ५.८९ प्रतिशतले बढेर ४ हजार १९ हेक्टर पुगेको छ । समीक्षा वर्षमा कर्णाली प्रदेशको सुर्खेत जिल्लामा

सबैभन्दा बढी ५२ हजार २ सय हेक्टर खेतीयोग्य जमिन रहेको छ भने १८ हजार ७ सय १६ हेक्टर क्षेत्रफलमा सिंचाई सुविधा पुगेको देखिन्छ। त्यस्तै, सबैभन्दा कम खेतीयोग्य क्षेत्रफल रुकुम पश्चिममा १ सय ७ हेक्टर रहेको छ।

## २.५ क्षेत्रगत कृषि कर्जा

२०७८ असार मसान्तसम्ममा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुद्वारा कृषि क्षेत्रमा प्रवाहित कर्जा ४७.८४ प्रतिशतले बढेर रु. ३ अर्ब ९२ करोड ६३ लाख पुगेको छ (तालिका २.३)। गत आर्थिक वर्षमा यो कर्जा रु. २ अर्ब ६५ करोड ५७ लाख ३० हजार रहेको थियो। कुल कृषि कर्जामध्ये सबैभन्दा बढी रु. ३ अर्ब ८३ करोड ७१ लाख कर्जा कृषि तथा वनजन्य शीर्षकमा प्रवाह भएको छ भने रु. ८ करोड ९२ लाख कर्जा माछापालनमा प्रवाहित भएको छ। यी कर्जाहरुमा गत आर्थिक वर्षभन्दा क्रमश ४५.३२ प्रतिशत र ४८२.६३ प्रतिशतले वृद्धि भएको छ।

**तालिका २.३: जिल्लागत कृषि कर्जा (रु.दश लाख)**

| जिल्ला | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| डोल्पा | ४४.६५ | १६६.९४ | २७३.८८ |
| मुगु | २१.८१ | ३५.६५ | ६३.४६ |
| हुम्ला | १२३.३९ | १५७.८२ | २७.९० |
| जुम्ला | २१८.५६ | ४१३.९४ | ८९.३९ |
| कालिकोट | ५८.७८ | ९३.७७ | ५९.५१ |
| दैलेख | १७८.४२ | २७३.५१ | ५३.३० |
| जाजरकोट | १५९.३१ | २६०.९९ | ६३.८२ |
| रुकुम पश्चिम | २३५.६७ | ३६७.२७ | ५५.८४ |
| सल्यान | ४०९.७९ | ५१४.९६ | २५.६६ |
| सुर्खेत | १२०५.३४ | १६४१.४६ | ३६.१८ |
| **जम्मा** | **२६५५.७३** | **३९२६.३०** | **४७.८४** |

*स्रोत: नेपाल राष्ट्र बैंक*

यस प्रदेशमा प्रवाहित कुल कृषि कर्जामध्ये सबैभन्दा धेरै रु. १ अर्ब ६४ लाख सुर्खेत जिल्लामा प्रवाहित भएको छ भने सबैभन्दा कम रु. ३ करोड ५६ लाख मुगु जिल्लामा प्रवाहित भएको छ।

## २.६ कृषि क्षेत्रका चुनौती र सम्भावना

### २.६.१ चुनौती

- जलवायु परिवर्तनबाट कृषि क्षेत्रमा देखापरेका समस्याहरुको सामना गर्दै कृषि क्षेत्रलाई विकसित र समृद्ध बनाउँदै लैजानु।
- कृषियोग्य जमिनको संरक्षण र आधुनिक कृषि प्रणालीको अवलम्बन गरी यस प्रदेशमा रहेका युवा जनशक्तिलाई व्यावसायिक कृषि क्षेत्रमा आकर्षित गरी यस क्षेत्रलाई सबल जीवनयापनको माध्यमको रुपमा विकास गर्नु।
- कोरोना महामारीले विदेश तथा स्वदेशमा रोजगारी गुमाई घर फर्किएका जनशक्तिलाई कृषिका सम्भावनायुक्त क्षेत्रहरुमा आवद्ध गराई आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्नु।
- बैदेशिक रोजगारीका क्रममा हाँसिल गरेका कृषि सम्बन्धी ज्ञान तथा सीपहरुलाई प्रयोग गरी सामूहिक कृषि खेतीतर्फ आकर्षित गराउनु।

- स्थानीय उत्पादनको प्रवर्द्धन र संरक्षणका लागि आवश्यक स्थानीय बीउबिजनको संरक्षण गर्नु ।
- कृषि सम्बन्धी आवश्यक तालिम, मलखाद्य तथा बीउ बीजनको सुनिश्चितता गरी उत्पादित बस्तुहरुको उचित भण्डारण र बजारीकरणको व्यबस्था गर्नु ।
- प्राङ्गारिक कृषि, जडिबुटी लगायतका प्रतिस्पर्धात्मक लाभ भएका कृषिजन्य बस्तुहरुको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरी व्यवसायिक खेतीतर्फ कृषकहरुलाई आकर्षित गर्नु ।
- कृषि क्षेत्रमा सीमित मात्रामा उपलब्ध रहेका स्रोतसाधनहरुको अधिकतम तथा उच्चतम प्रयोग गरी कृषि क्षेत्रलाई व्यावसायिकरण गर्दै आयआर्जनको मुख्य स्रोतको रुपमा विकास गर्नु ।

### २.६.२ सम्भावना

- कर्णाली प्रदेश प्राङ्गारिक कृषिको लागि अति उपयुक्त क्षेत्र भएकोले यसको विकास तथा प्रवर्द्धन गर्दै अर्थोपार्जनको मुख्य स्रोतको रुपमा विकास गरी प्रचुर मात्रामा रोजगारी सिर्जना गर्न सकिने ।
- यस प्रदेशमा रहेका जलसम्पदाहरु जस्तै कर्णाली, भेरी लगायतका ठूला नदीहरु, खहरे खोला, मुल पोखरी जस्ता स्रोतहरुको यथोचित प्रयोग गरी सिंचाई सुविधाको विस्तारमार्फत कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न सकिने सम्भावना रहेको ।
- स्वदेशमा बढ्दै गरेको कृषि क्षेत्रको प्राविधिक जनशक्तिलाई आधुनिक कृषि प्रणालीसँग आबद्ध गर्दै कृषि उद्यमको विकास गरी रोजगारीको वृद्धि गर्न सकिने उच्च सम्भावना रहेको ।
- यो प्रदेश कृषि तथा जडिबुटीजन्य कच्चा पदार्थको भण्डार भएकाले कृषि तथा जडीबुटी सम्बन्धी उधोग सञ्चालन गरी युवाहरुलाई उद्यमी बनाउँदै रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको ।
- यस प्रदेशबाट छिमेकी मुलुक भारत तथा अन्य देशहरुमा रोजगारीका लागि जाने संख्या उच्च रहेकोले त्यस्ता श्रमिकहरुलाई व्यवसायिक कृषि, उद्यमशीलता जस्ता क्षेत्रहरुमा खपत गराई कृषि क्षेत्रमा गुणात्मक परिवर्तन गर्न सकिने उच्च सम्भावना रहेको ।
- यस प्रदेशमा पहाडी तथा उच्च पहाडी क्षेत्र रहेकोले यहाँ व्यावसायिक तरकारी, पशुपालन लगायत फलफूल खेती गर्न सकिने प्रचुर सम्भावना रहेको ।

## परिच्छेद ३
## उद्योग क्षेत्र

### ३.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी


आर्थिक सर्वेक्षण २०७७/७८ अनुसार कर्णाली प्रदेशमा जम्मा ३ हजार १ सय ९ वटा कम्पनी दर्ता भएका छन, जुन अन्य प्रदेशको तुलनामा सवैभन्दा कम अर्थात कुल दर्ता भएका कम्पनीहरुको ५ प्रतिशत मात्र हो । यस प्रदेशमा संचालनमा आएका लघु, घरेलु तथा साना उद्योगहरुको संख्या २३ हजार २ सय ५४ छन् भने यी उद्योगहरुबाट जम्मा १ लाख २८ हजार ६ सय ५८ जनालाई रोजगारी सिर्जना भएको देखिन्छ ।

उद्योग विभागद्वारा प्रकाशित औद्योगिक तथ्याङ्क २०७६/७७ अनुसार यस क्षेत्रमा आर्थिक वर्ष २०७६/७७ सम्म साना, मझौला र ठूला उद्योग गरी जम्मा ४० वटा उद्योगहरु दर्ता भएका छन भने यी उद्योगहरुबाट जम्मा २ हजार ५ सय ७५ जनालाई प्रत्यक्ष रोजगारी उपलब्ध गराउने लक्ष्य लिईएको थियो । अन्य प्रदेशको तुलनामा यस प्रदेशमा निकै कम करिब ०.५ प्रतिशत उद्योगहरु मात्र दर्ता भएका छन । यस प्रदेशमा औद्योगिक विकासका लागि आवश्यक पूर्वाधार, दक्ष जनशक्ती, कच्चा पदार्थको अभाव, तथा विकट भौगोलिक बनावट जस्ता प्रमुख अवरोधहरुले ठूला उद्योगहरुको सञ्चालन हुन नसकेको देखिन्छ ।

### ३.२ क्षेत्रगत औद्योगिक कर्जा

समीक्षा वर्षमा कुल औद्योगिक कर्जामध्ये सबैभन्दा बढी निर्माण सम्बन्धी क्षेत्रको अंश ७१.९९ प्रतिशत र सबैभन्दा कम खानी सम्बन्धी क्षेत्रको अंश १.२८ प्रतिशत रहेको छ । त्यसैगरी, कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उद्योग, गैरखाद्य वस्तु उत्पादन सम्बन्धी उद्योग, विद्युत, ग्यास तथा पानी सम्बन्धी उद्योग, धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक्स् सम्बन्धी उद्योगले कुल औद्योगिक कर्जाको क्रमशः ८.९१ प्रतिशत, १०.७४ प्रतिशत, २.३९ प्रतिशत र ४.६९ प्रतिशत हिस्सा ओगटेका छन् ।

**रेखाचित्र ३.१: क्षेत्रगत औद्योगिक कर्जा (प्रतिशत)**




*स्रोत : नेपाल राष्ट्र बैंक*


गत आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा खानी सम्बन्धी उद्योगमा सबैभन्दा धेरै १६६.१६ प्रतिशतले वृद्धि भएको छ भने कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी क्षेत्रमा १०.७९ प्रतिशतले ह्रास आएको छ । साथै, गैरखाद्य वस्तु उत्पादन सम्बन्धी उद्योग, निर्माण सम्बन्धी उद्योग, विद्युत, ग्यास तथा पानी सम्बन्धी उद्योग, र धातुका उत्पादन,

मेसिनरी तथा ईलेक्ट्रोनिक सम्बन्धी उद्योगमा प्रवाहित कर्जा क्रमश: ५७.४७ प्रतिशत, २२.२६ प्रतिशत, १३३.१८ प्रतिशत, र १६.०६ प्रतिशतले वृद्धि भएको छ ।

## ३.३ औद्योगिक कर्जा

आर्थिक बर्ष २०७५/७६ देखि २०७७/७८ सम्मको तथ्याङ्क विश्लेषण गर्दा कर्णाली प्रदेशमा प्रवाहित कुल औद्योगिक कर्जामा वृद्धि भएको छ । यस प्रदेशमा प्रवाह भएको कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश १५.०३ प्रतिशत रहेको छ ।

**रेखाचित्र ३.२: कुल औद्योगिक कर्जा (रु. अर्ब)**




*स्रोत :नेपाल राष्ट्र बैंक*

आ.व. २०७५/७६ मा रु. ४.५७ अर्ब रहेको कुल औद्योगिक कर्जा समीक्षा वर्षमा रु. ७.७० अर्ब पुगेको छ । समीक्षा वर्षमा २३.१६ प्रतिशतले वृद्धि भएको यो कर्जा गत वर्षको सोही अवधिमा ३६.७१ प्रतिशतले बढेको थियो । यद्यपी, यस प्रदेशमा औद्योगिक विकासका लागि आवश्यक न्यूनतम पूर्वाधार, आवश्यक दक्ष जनशक्ति तथा कच्चा पदार्थको अभाव, उद्योगमैत्री पूर्वाधारको विकास तथा विपद व्यवस्थापनका चुनौतीहरु जस्ता प्रमुख अवरोधहरुले उल्लेखनीय रुपमा औद्योगिक क्षेत्रको विकास र विस्तार हुन सकेको छैन ।

**तालिका ३.१: जिल्लागत औद्योगिक कर्जा (रु. करोड)**

| जिल्ला | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | गत अवधिको परिवर्तन (प्रतिशत) | समीक्षा अवधिको परिवर्तन (प्रतिशत) |
|---|---|---|---|---|---|
| डोल्पा | ४.४५ | ३.०२ | ८.३० | -४७.४२ | ६३.६३ |
| मुगु | ५.१२ | १०.५४ | ११.८२ | ५१.४६ | १०.८० |
| हुम्ला | ११.१७ | १२.८७ | ८.६९ | १३.२२ | -४८.०२ |
| जुम्ला | २३.२५ | ३३.०५ | ४१.४३ | २९.६४ | २०.२३ |
| कालीकोट | १२.३६ | १५.७७ | २४.६२ | २१.६१ | ३५.९३ |
| दैलेख | २६.०४ | ३३.३० | ३७.०३ | २१.८० | १०.०८ |
| जाजरकोट | ६.४७ | ११.९५ | १३.४२ | ४५.८५ | १०.९२ |
| रुकुम पश्चिम | ५०.०३ | ७१.९७ | ७८.८६ | ३०.४८ | ८.७३ |
| सल्यान | ४५.५० | ७२.२५ | ८२.५६ | ३७.०२ | १२.४९ |
| सुर्खेत | २७२.८२ | ३६०.३४ | ४६३.०८ | २४.२९ | २२.१९ |
| **जम्मा** | **४५७.२२** | **६२५.०६** | **७६९.८१** | **२६.८५** | **१८.८०** |

*स्रोत :नेपाल राष्ट्र बैंक*

आ.व. २०७७/७८ मा कर्णाली प्रदेशमा औद्योगिक कर्जाको उपभोग हुम्ला जिल्लामा बाहेक अरु जिल्लामा उल्लेख्य वृद्धि भएको देखिन्छ । सुर्खेत जिल्लाले सबैभन्दा धैरै रु. ४६३.०८ करोड औधोगिक कर्जा उपभोग गरेको छ भने सबैभन्दा कम रु. ८.३० करोड डोल्पा जिल्लाले उपभोग गरेको छ (तालिका ३.१) । यो तथ्याङ्क गत वर्षकोभन्दा क्रमश २२.१९ प्रतिशत र ६३.६३ प्रतिशतले बढी हो ।

## ३.४ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

### ३.४.१ चुनौती

- कृषि, खानी तथा अन्य कच्चापदार्थहरुको उत्पादन तथा आपूर्तिमा हुने कठिनाइले कृषि, खानी तथा खाद्य तथा गैर खाद्य उद्योगहरु, लघु घरेलु उद्योगहरु, वनपैदावार उत्पादन प्रवर्द्धन तथा व्यवस्थापन गर्ने उद्योगहरु स्थापना गर्नु ।
- प्रदेशमा रहेको कुल जनशक्तिको अधिक हिस्सा अदक्ष जनशक्ति रहेकाले उक्त जनशक्तिलाई दक्ष तथा प्राविधिक जनशक्तिको रुपमा विकास गर्दै उद्योगहरुको प्रर्वद्धन तथा विकास गर्दै जानु ।
- यस प्रदेश भौगोलिकरुपमा कठिन भएकोले भौतिक पूर्वाधारहरु जस्तै यातायात, विद्युत, सञ्चार तथा मोटर बाटोको सहज पहुँचबाट पछि परेको छ । तसर्थ यस प्रदेशमा उद्योगहरुको स्थापना गरी पूर्ण क्षमतामा सञ्चालन गर्दै औद्योगिक क्षेत्रको उत्पादन बढाउनु ।
- भारत लगायत अन्य मुलुकहरुमा रोजगारीका लागि जाने श्रमिकहरुलाई प्रदेशमा उपलब्ध स्रोत र साधनहरुसँग अन्तरनिहित उद्योगहरुमा आकर्षित गरी यसै प्रदेशमा टिकाई राख्नु ।
- उत्पादित वस्तुहरुको लागत तथा गुणस्तर व्यवस्थापन गर्दै वस्तुहरुको प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्नु ।
- उद्योग क्षेत्रसँग सम्वन्धित सरोकारवाला निकायहरुबीच समन्वय गरी यस क्षेत्रलाई लगानीमैत्रि बनाई प्रत्यक्ष वैदेशिक लगानी आकर्षण गर्नु ।

### ३.४.२ सम्भावना

- यस प्रदेशमा जडिबुटी र खानीजन्य कच्चा पदार्थहरुको प्रचुर सम्भावना भएकोले यस्ता उद्योगहरुको स्थापना, विकास र विस्तार गरी रोजगारी सिर्जना गर्न सकिने ।
- कर्णाली प्रदेशमा प्राङ्गारिक कृषि खेतीको प्रचुर सम्भावना रहेकोले कृषि र यससँग अन्तरनिहित उद्योगहरुको स्थापना गरी यस प्रदेशलाई प्राङ्गारिक कृषि खेतीको नमुना क्षेत्रकोरुपमा विकास गर्न सकिने ।
- उद्योगहरुलाई आवश्यक कामदार पूर्ति गर्न व्यवसायिक शिक्षा तालिम केन्द्र र प्राविधिक प्रशिक्षण प्रतिष्ठानको समन्वयमा युवा जनशक्तिको सीप र दक्षतालाई अभिवृद्धि गर्दै दक्ष तथा प्राविधिक जनशक्ति उत्पादन गर्न सकिने ।
- सहुलियतपूर्ण कर्जा सदुपयोग गरी साना तथा मझौला उद्योगहरु (SMEs) को लागत कम गर्दै प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्न सकिने सम्भावना रहेको ।

# परिच्छेद ४
# सेवा क्षेत्र

## ४.१ पर्यटन

कोरोना महामारी संक्रमणका कारण विगत दुई बर्षदेखि देशमा आर्थिक गतिविधिले तीव्रता लिन सकिरहेको छैन । यद्यपी कोरोना विरुद्धको खोपको प्रयोग पश्चात देशको अर्थतन्त्रका विभिन्न क्षेत्रहरुमा सकारात्मक प्रभाव पर्न थालेको देखिन्छ । समीक्षा वर्षमा यस प्रदेशमा पर्यटकस्तरीय होटल तथा लजको संख्यामा २१.९१ प्रतिशत तथा होटल शैयाको संख्यामा १०.२८ प्रतिशतले वृद्धि भएको छ । गत बर्ष सोही अवधिमा पर्यटकस्तरीय होटल तथा लजको संख्यामा १.४८ प्रतिशतले गिरावट आएको थियो भने होटल शैयाको संख्यामा भने ७.३१ प्रतिशले वृद्धि भएको थियो । समीक्षा वर्षमा भारत, चीन लगायत तेस्रो मुलुकबाट यस प्रदेशमा भित्रिने पर्यटकको संख्या ८७.०४ प्रतिशतले घट्न गई १ हजार ३ सय ९९ जनामा सीमित भएको छ ।

### कर्णाली प्रदेशका ५ ठूला होटलहरुको संक्षिप्त अध्ययन

कोभिड-१९ ले ग्रसित बनेको पर्यटन क्षेत्र, यस महामारीको असर कम हुँदै जाँदा सुधारोन्मुख हुँदै गईरहेको देखिन्छ । समीक्षा वर्षमा कोभिड-१९ को प्रभाव यथावत नै रहँदा नयाँ पर्यटकस्तरीय होटलको निर्माण तथा सञ्चालन हुन सकेको देखिदैन । यद्यपी, मुगु जिल्लामा अवस्थित रारा तालको भ्रमणमा जाने पर्यटकहरुलाई आकर्षित गर्न मुर्मा टपमा रु. ५० लाखको लगानीमा पर्यटकस्तरीय होटलको निर्माण भईरहेको छ ।


कर्णाली प्रदेशमा सञ्चालनमा रहेका होटलहरुको स्तर, लगानी तथा यसले प्रदान गर्ने सुविधाको आधारमा यस प्रदेशका तीन जिल्लाहरु सुर्खेत, रुकुम पश्चिम र जुम्लाबाट जम्मा ५ वटा पर्यटकस्तरीय होटलहरुको छनौट गरिएको छ । यी छनौटमा परेका होटलहरूबाट प्राप्त तथ्याङ्कको आधारमा समग्र कर्णाली प्रदेशको होटल व्यवसायको अवस्था तल विश्लेषण गरिएको छ ।

- समीक्षा वर्षमा कर्णाली प्रदेशका होटलहरुको शैयामा २.९३ प्रतिशतले ह्रास आएको देखिन्छ । गत बर्षको सोही अवधिमा यस्तो वृद्धिदर शून्य थियो ।
- समीक्षा वर्षमा होटल व्यवसायले सिर्जना गरेको प्रत्यक्ष रोजगारीमा ८.२६ प्रतिशतले ह्रास आएको देखिन्छ । गत वर्ष यस व्यवसायले प्रदान गरेको प्रत्यक्ष रोजगारीमा १.८७ प्रतिशतले वृद्धि भएको थियो ।
- आर्थिक वर्ष २०७६/७७ मा ४८.९५ प्रतिशतले कमि आएको भारतीय पर्यटक आगमनको संख्यामा समीक्षा वर्षमा १६.७१ प्रतिशतले वृद्धि भएको देखिन्छ ।
- आर्थिक वर्ष २०७६/७७ मा ८५.४५ प्रतिशतले ह्रास आएको चिनिया पर्यटक आगमनको संख्यामा आर्थिक वर्ष २०७७/७८ मा ३२५.५३ प्रतिशतले वृद्धि भएको देखिन्छ । यस्तो वृद्धिदरको मुख्य कारणमा कर्णाली प्रदेशको दैलेख जिल्लामा खनिज तेल उत्खनन्को क्रममा आएका चिनिया श्रमिकहरु तथा कोभिड महामारीको प्रभावमा आएको क्रमिक सुधारलाई लिन सकिन्छ ।
- यस प्रदेशमा आर्थिक वर्ष २०७७/७८ मा तेस्रो मुलुकबाट आउने पर्यटकहरुको संख्यामा ५९.९० प्रतिशतले वृद्धि भएको छ । गत वर्ष यो वृद्धिदर ७६.०९ प्रतिशतले ऋणात्मक थियो ।
- कर्णाली प्रदेशमा समीक्षा वर्षमा बाह्य पर्यटक आगमनको संख्यामा उल्लेख्य सुधार भई ५४.५६ प्रतिशतले वृद्धि भएको देखिन्छ । गत वर्षको सोही अवधिमा यस्तो वृद्धिदर ६७.३९ प्रतिशतले ऋणात्मक रहेको थियो ।
- यस प्रदेशमा पर्यटन विकासका अनेकन सम्भावना रहेतापनि उचित प्रचारप्रसारको अभाव तथा सुविधा सम्पन्न पर्यटकीय पूर्वाधारको अभावले पर्यटन क्षेत्रमा उल्लेख्य सुधार आउन सकेको छैन । गत तीन आर्थिक वर्षको पर्यटक आगमनको संख्या एवम् होटल शैयाहरुको संख्याको आधारमा यस प्रदेशका होटलहरुको औसत अकुपेन्शी दर ५४.४ प्रतिशत देखिन्छ । मूलतः यस प्रदेशमा पर्यटकस्तरीय होटलहरु ज्यादै न्युन रहेको र त्यस्ता होटलहरुमा विभिन्न तालिम तथा सेमीनार आयोजना हुनेगरेको हुँदा अकुपेन्शी दर अन्य प्रदेशको तुलनामा केहि बढी देखिन्छ ।

## ४.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशन संख्या ४८.६९ प्रतिशतले वृद्धि भएको छ । गत बर्ष सोही अवधिमा सो संख्या १०३.६ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा घर/भवन नक्सा पास संख्या २९.५५ प्रतिशतले बढेको छ । गत वर्ष सो संख्या २७.२७ प्रतिशतले घटेको थियो । त्यसैगरी समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशनवापतको राजश्व ५३.३७ प्रतिशतले बढेर रु. ४५ करोड ९१ लाख ७९ हजार पुगेको छ । गत वर्ष सोही अवधिमा यस्तो राजश्व ४२.६० प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा कोरोना संक्रमणको दर सामान्य अवस्थामा आएको हुँदा घरजग्गा रजिष्ट्रेशन संख्या, घर/भवन स्थायी नक्सा पास संख्या र घरजग्गा रजिष्ट्रेशन राजश्वमा वृद्धि भएको हो ।

**रेखाचित्र ४.१ : घरजग्गा कारोवारको अवस्था**




*स्रोत: अध्ययन क्षेत्रका मालपोत कार्यालय तथा नगरपालिका/गाउँपालिका कार्यालयहरु*

## ४.३ वित्तीय सेवा

२०७८ असार मसान्तसम्मको तथ्याङ्क अनुसार यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाका ४१२ शाखा रहेका छन् (तालिका ४.१) । जसमध्ये वाणिज्य बैंक (क वर्ग) का १९२, विकास बैंक (ख वर्ग) का १७, वित्त कम्पनी (ग वर्ग) का ३ र लघु वित्त वित्तीय संस्था (घ वर्ग) का २०० शाखा रहेको छ ।

**तालिका ४.१ : बैंक तथा वित्तीय संस्थाको संख्या (जिल्लागत)**

(२०७८ असार मसान्तसम्म)

| जिल्ला | क वर्ग | ख वर्ग | ग वर्ग | घ वर्ग | जम्मा |
|---|---|---|---|---|---|
| दैलेख | २४ | १ | | २६ | ५१ |
| डोल्पा | १२ | | | ३ | १५ |
| हुम्ला | ९ | १ | | २ | १२ |
| जाजरकोट | १२ | १ | | १३ | २६ |
| जुम्ला | २० | १ | | १२ | ३३ |
| कालिकोट | १४ | | | ११ | २५ |
| मुगु | ८ | | | ४ | १२ |
| रुकुम पश्चिम | १७ | १ | १ | २६ | ४५ |
| सल्यान | २४ | ४ | १ | ४१ | ७० |
| सुर्खेत | ५२ | ८ | १ | ६२ | १२३ |
| जम्मा | १९२ | १७ | ३ | २०० | ४१२ |

*स्रोत: नेपाल राष्ट्र बैंक*


साथै, यस प्रदेशमा २०७८ असार मसान्तसम्ममा दर्ता भएका ४ लाख २५ हजार २ सय ८४ मोबाईल बैंकिङ्ग प्रयोगकर्ता मध्ये ३ लाख ११ हजार ६४ जनाले मोबाईल बैंकिङ्ग सेवा प्रयोग गरिरहेको देखिन्छ ।

### ४.३.१ निक्षेप तथा कर्जाको स्थिति

आर्थिक वर्ष २०७७/७८ को असार मसान्तसम्ममा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको निक्षेप ३५.९१ प्रतिशतले वृद्धि भई रु. ५७ अर्व २२ करोड ११ लाख पुगेको छ । अघिल्लो बर्ष सोही अवधिमा यस्तो निक्षेप ३३.८४ प्रतिशतले वृद्धि भई रु. ४२ अर्व १० करोड २६ लाख पुगेको थियो । समीक्षा वर्षमा कर्णाली प्रदेशमा बढेको रेमिट्यान्स आप्रवाह, बैंकिङ्ग सेवामा आएको विस्तार तथा सर्वसाधारणको बचत गर्ने बानीमा आएको विकासले कुल निक्षेपमा वृद्धि भएको देखिन्छ ।


अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा कर्णाली प्रदेशमा प्रवाह भएको कुल कर्जा ४१.२२ प्रतिशतले बढेर रु. ५१ अर्व ३३ करोड १८ लाख पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा २२.२४ प्रतिशतले बढेर रु. ३६ अर्व ३४ करोड ९२ लाख पुगेको थियो । कोरोना संक्रमणको प्रभाव न्यून हुँदा लगानिको अनुकुल वातावरण सिर्जना भई अर्थतन्त्र चलायमान हुँदै गएकोले कर्जा विस्तारमा वृद्धि भएको देखिन्छ । साथै, सर्वसाधारणको वित्तीय पहुँचमा भएको वृद्धि, सहुलियतपूर्ण कर्जा र पुनरकर्जा सुविधा तथा मौद्रिक नीतिले प्रदान गरेका अन्य विभिन्न छुट तथा सुविधाहरु नै कर्जा विस्तारका कारकहरु रहेका छन् ।

**रेखाचित्र ४.२ : निक्षेप तथा कर्जाको स्थिति (रु. दश लाख)**




*स्रोतः नेपाल राष्ट्र बैंक*

**रेखाचित्र ४.३ : समीक्षा वर्षको निक्षेप तथा कर्जाको जिल्लागत स्थिति**




*स्रोतः आर्थिक अनुसन्धान विभाग, नेपाल राष्ट्र बैंक*

२०७८ असार मसान्तसम्म कर्णाली प्रदेशमा कर्जा निक्षेप अनुपात ८९.७१ प्रतिशत रहेको छ । गत बर्षको सोही अवधिमा यस्तो अनुपात ८६.३३ प्रतिशत रहेको थियो । समीक्षा वर्षमा यस प्रदेशमा प्रवाह भएको कर्जा निक्षेप अनुपात सुर्खेत जिल्लामा सबैभन्दा बढी १४७.२२ प्रतिशत रहेको छ भने सबैभन्दा कम हुम्ला जिल्लामा १८.७७ प्रतिशत रहेको छ । समीक्षा वर्षमा यस प्रदेशमा परिचालन भएको कर्जा र निक्षेप दुवैमा सुर्खेत जिल्लाकै हिस्सा सवैभन्दा बढी (क्रमशः ३५.८४ प्रतिशत र ५८.८२ प्रतिशत) रहेको छ भने सबैभन्दा कम निक्षेप मुगु जिल्लामा (४.०५ प्रतिशत) तथा सवैभन्दा कम कर्जा हुम्ला जिल्लामा (१.११ प्रतिशत) रहेको छ ।

## स्थानीय तहमा वाणिज्य बैंकका शाखा विस्तार तथा वित्तीय सेवाको अवस्था


देशका सम्पूर्ण ७५३ वटा स्थानीय तहमा वाणिज्य बैंकको कम्तीमा एक शाखाको उपस्थिति हुनुपर्ने नीति बमोजिम २०७८ असार मसान्तसम्म कर्णाली प्रदेशका ७९ स्थानीय तहहरुमध्ये जाजरकोटको जुनीचाँदे गाँउपालिकामा बाहेक अन्य सबैं स्थानीय तहहरुमा वाणिज्य बैंकको शाखा विस्तार भएको छ ।

- समीक्षा वर्षमा थप १५ वटा शाखा विस्तार भई वाणिज्य बैंकहरुको शाखा संख्या १९२ पुगेको छ । जसमध्ये सबैभन्दा धेरै वाणिज्य बैंकको शाखा सल्यान, सुर्खेत र दैलेख जिल्लामा समान ३/३ वटा शाखा विस्तार भएका छन् भने जाजरकोट, डोल्पा र हुम्ला जिल्लामा वाणिज्य बैंकको थप शाखाहरु विस्तार हुन सकेका छैनन् ।
- आर्थिक वर्ष २०७७/०७८ मा सबैभन्दा धेरै ५२ वटा वाणिज्य बैंकको शाखा सुर्खेत जिल्लामा रहेका छन् भने सबैभन्दा कम ८ वटा वाणिज्य बैंकको शाखा मुगु जिल्लामा रहेका छन् ।
- २०७४ को मौद्रिक नीतिमा उल्लेखत व्यवस्था बमोजिम तोकिएका स्थानीय तहमा विस्तार भएका वाणिज्य बैंकका शाखाहरुमा २०७८ असार मसान्तसम्म जम्मा १९० जना कर्मचारीहरुले प्रत्यक्ष रोजगारी प्राप्त गरेको देखिन्छ ।
- कर्णाली प्रदेशमा शाखा विस्तार भएका वाणिज्य बैंकका शाखाहरुले २०७८ असार मसान्तसम्म कुल निक्षेप रु. १० अर्ब ५९ करोड संकलन गरेका छन् भने रु. १ अर्ब ५१ करोड कर्जा प्रवाह गरेका छन् ।

| जिल्ला | २०७७ असार मसान्त | २०७८ असार मसान्त | शाखा विस्तार संख्या |
|---|---|---|---|
| रुकुम पश्चिम | १६ | १७ | १ |
| सल्यान | २१ | २४ | ३ |
| सुर्खेत | ४९ | ५२ | ३ |
| दैलेख | २१ | २४ | ३ |
| जाजरकोट | १२ | १२ | ० |
| डोल्पा | १२ | १२ | ० |
| जुम्ला | १८ | २० | २ |
| कालिकोट | १३ | १४ | १ |
| मुगु | ६ | ८ | २ |
| हुम्ला | ९ | ९ | ० |
| जम्मा | १७७ | १९२ | १५ |

- २०७८ असार मसान्तसम्म कर्णाली प्रदेशमा थप भएका वाणिज्य बैंकका शाखाहरुले कुल निक्षेप संकलनको तुलनामा कर्जा प्रवाह गर्न नसकेको देखिन्छ । विस्तारित शाखाहरुको कर्जा निक्षेप अनुपात करिब १४.२९ प्रतिशत मात्र रहेको छ ।

**रेखाचित्र : स्थानीय तहमा विस्तार भएका शाखाको निक्षेप र कर्जाको जिल्लागत अवस्था**





*स्रोत: नेपाल राष्ट्र बैंक*

### ४.३.२ अन्य वित्तीय विवरण

समीक्षा वर्षमा कर्णाली प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुद्वारा संकलित कुल निक्षेपमध्ये सबैभन्दा धेरै बचत निक्षेपको अंश ५२ प्रतिशत रहेको छ। त्यसैगरी चल्ती , मुद्दति र अन्य निक्षेपले क्रमश: २७ प्रतिशत, १५ प्रतिशत र ६ प्रतिशत हिस्सा ओगटेका छन्।

समीक्षा वर्षमा यस प्रदेशमा निक्षेपकर्ताको संख्या ३५.८१ प्रतिशतले वृद्धि भएर १३ लाख ११ हजार ६ सय १५ पुगेको छ। गत बर्ष सोही अवधिमा यो संख्या १९.७० प्रतिशतले वृद्धि भई ९ लाख ६५ हजार ७ सय ८२ पुगेको थियो। २०७८ असार मसान्तसम्म ऋणीहरुको संख्या २२.२४ प्रतिशतले वृद्धि भई ४२ हजार ९ सय ९८ पुगेको छ भने गत बर्ष सोही अवधिमा यो संख्या ५.१९ प्रतिशतले वृद्धि भई ३५ हजार १ सय ७६ पुगेको थियो।

**रेखाचित्र ४.४: समीक्षा अवधिमा कुल निक्षेपको संरचना (प्रतिशत)**





*स्रोत: नेपाल राष्ट्र बैंक*

समीक्षा वर्षमा कर्णाली प्रदेशमा प्रवाह भएको विपन्न वर्ग कर्जा ९९.४१ प्रतिशतले वृद्धि भई रु. ८ अर्ब ४४ करोड ७७ लाख पुगेको छ। गत वर्षको सोही अवधिमा सो कर्जा १५३.२७ प्रतिशतले वृद्धि भई रु. ४ अर्ब २३ करोड ६५ लाख पुगेको थियो। समीक्षा वर्षमा कर्णाली प्रदेशमा रु. २ अर्ब २१ करोड ३१ लाख सहुलियतपूर्ण कर्जा प्रवाह भएको छ जुन अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा २८५.७ प्रतिशतले बढी हो।

आर्थिक वर्ष २०७७/७८ मा कर्णाली प्रदेशका प्राथमिकताप्राप्त क्षेत्रमा प्रवाह भएको कर्जा ११८ प्रतिशतले वृद्धि भई रु. ९ अर्ब ५९ करोड १६ लाख पुगेको छ। गत वर्ष सोही अवधिमा यस्तो कर्जा ३७ .६ प्रतिशतले वृद्धि भई रु. ४ अर्ब ४० करोड पुगेको थियो। त्यसैगरी, २०७८ असार मसान्तसम्म यस प्रदेशमा रु. १ अर्ब ९७ करोड २८ लाख पुनरकर्जा प्रवाह भएको छ। २०७७ असार मसान्तसम्म कर्णाली प्रदेशमा जम्मा ७८ एटिएम मेसिन रहेकोमा २०७८ असार मसान्तसम्म सो संख्यामा ६.४१ प्रतिशतले वृद्धि भई ८३ पुगेको छ।

**रेखाचित्र ४.५ : सहुलियतपूर्ण कर्जा, विपन्नवर्ग कर्जा र प्राथमिकताप्राप्त कर्जाको विवरण (रु. दश लाख)**





*स्रोत: नेपाल राष्ट्र बैंक*

### ४.३.३ सहकारी क्षेत्र

समीक्षा वर्षमा कर्णाली प्रदेशमा जम्मा ७५ वटा बचत तथा ऋण सहकारी संस्थाहरु संचालनमा रहेका छन् भने यी सहकारी संस्थाहरुले यस प्रदेशमा १ हजार ७ सय ५२ जनालाई प्रत्यक्ष रोजगारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष २०७७/७८ मा बचत तथा ऋण सहकारी संस्थाका सदस्यहरुको संख्या २.७१ प्रतिशतले वृद्धि भई २ लाख २३ हजार ८ सय २४ पुगेको छ । गत वर्ष सोही अवधिमा यो संख्या २ लाख १७ हजार ९ सय १० रहेको थियो ।

**रेखाचित्र ४.६: बचत तथा ऋण सहकारी संस्थाको अवस्था (रु. दश लाख)**




*स्रोत : सहकारी रजिष्टारको कार्यालय कर्णाली प्रदेश, सुर्खेत*


समीक्षा वर्षमा बचत तथा ऋण सहकारी संस्थाको कुल पुँजी ३०.६६ प्रतिशतले वृद्धि भई रु. ८.१९ अर्ब पुगेको छ । गत वर्षको सोही अवधिमा यी संस्थाहरुको कुल पुँजी ३८.५८ प्रतिशतले वृद्धि भई रु. ६.२७ अर्ब पुगेको थियो । समीक्षा वर्षमा यस प्रदेशमा बचत तथा ऋण सहकारी संस्थाको कुल बचत २७.८३ प्रतिशतले वृद्धि भई रु. ६.६१ अर्ब पुगेको

छ । गत वर्षको सोही अवधिमा कुल बचत २०.६८ प्रतिशतले वृद्धि भई रु. ५.१७ अर्ब पुगेको थियो । त्यसैगरी समीक्षा वर्षमा बचत तथा ऋण सहकारी संस्थाहरुबाट प्रवाह भएको कुल कर्जा २७.५२ प्रतिशतले वृद्धि भई रु. ९.८८ अर्ब पुगेको छ भने गत बर्षको सोही अवधिमा कुल कर्जा १३.५७ प्रतिशतले वृद्धि भई रु. ७.७५ अर्ब पुगेको थियो ।

### दश ठूला बचत तथा ऋण सहकारी संस्थाको अध्ययन

भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सहकारी रजिष्ट्रारको कार्यालय, सुर्खेतमा दर्ता भएका बचत तथा ऋण सहकारी संस्थाहरुमध्ये लगानीका आधारमा नमूना छनौट गरिएका १० वटा ठूला बचत तथा ऋण सहकारी संस्थाबाट प्राप्त तथ्याङ्का आधारमा कर्णाली प्रदेशको समग्र सहकारी क्षेत्रको विश्लेषणात्मक अध्ययन प्रस्तुत गरिएको छ ।

- समीक्षा वर्षमा सहकारी संस्थाहरुको कुल पुँजी ३१.१६ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष यस्तो पुँजी १२.७१ प्रतिशतले बढेको थियो ।
- समीक्षा वर्षमा सहकारी संस्थाहरुको कुल बचत २६.२९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष कुल बचत १२.३७ प्रतिशतले बढेको थियो ।
- सहकारी संस्थाहरुले आर्थिक वर्ष २०७७/७८ मा जम्मा रु. १ अर्ब ६१ करोड कर्जा प्रवाह गरेका छन् । यो कर्जा गत आर्थिक वर्षमा रु. १ अर्ब १५ करोड बराबरको कर्जा प्रवाह भएको थियो ।





*स्रोत: सम्बन्धित सहकारी संस्थाहरु*

- समीक्षा वर्षमा सहकारी संस्थाले सिर्जना गरेको रोजगारीमा २०.८६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यो वृद्धिदर १३.९ प्रतिशत थियो ।
- समीक्षा वर्षमा सहकारी संस्थाका सदस्य संख्या ६.४५ प्रतिशतले बढेको देखिन्छ । अघिल्लो वर्ष यो संख्या १४.८१ प्रतिशतले बढेको थियो ।
- कर्णाली प्रदेशमा, सहकारी संस्थाहरुले कुल पुँजी र कुल बचतको तुलनामा अधिक मात्रामा कर्जा प्रवाह गरेको देखिन्छ ।

### ४.३.४ फण्ड ट्रान्सफर

यस प्रदेशका प्रत्येक जिल्लाहरुमा एक-एक वटा गरी जम्मा १० वटा नोट कोषहरु रहेका छन् । समीक्षा वर्षको असार मसान्तसम्म यस प्रदेशका सबै नोट कोषहरुमा रु. १३ अर्ब ४१ करोड फण्ड ट्रान्सफर गरिएको छ । यो अघिल्लो आर्थिक बर्षको सोही अवधिमा गरिएको फण्ड ट्रान्सफरको तुलनामा ९२.४८ प्रतिशतले बढी हो । त्यसैगरी आर्थिक वर्ष २०७७/७८ मा सबैभन्दा धेरै रु. २ अर्ब ८५ करोड फण्ड सुर्खेत जिल्लामा ट्रान्सफर भएको छ भने सबैभन्दा कम ६० करोड मुगु जिल्लामा ट्रान्सफर गरिएको छ ।

**रेखाचित्र ४.७: कर्णाली प्रदेशमा फण्ड ट्रान्सफरको अवस्था**





*स्रोत: नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालय*

### ४.४ यातायात तथा संचार

समीक्षा वर्षमा यस प्रदेशमा दर्ता भएका सवारी साधनको संख्यामा १४९.३२ प्रतिशतले वृद्धि भई १४ हजार ३ सय ९३ पुगेको छ । गत बर्ष यो संख्या २०२.८९ प्रतिशतले वृद्धि भई ५ हजार ७ सय ७३ पुगेको थियो । आर्थिक वर्ष २०७७/७८ मा मोटरसाईकलको संख्यामा १८४.९६ प्रतिशतले वृद्धि भई १० हजार ६ सय ७६ पुगेको छ भने अन्य सवारी साधनको संख्या ३ हजार ७ सय १७ पुगेको छ । कोभिड–१९ महामारीको कारण लामो समयसम्म बन्दाबन्दी तथा निषेधाज्ञा कायम रहँदा अवरुद्ध भएका विभिन्न सेवाहरु पछिल्ला दुई आर्थिक वर्षमा विस्तारै सञ्चालनमा आएको र कच्ची तथा पक्की सडकहरुमा विस्तार भएको कारण दर्ता भएका कुल सवारी साधनको संख्यामा वृद्धि भएको हो ।

**रेखाचित्र ४.८: यातायात साधनको संख्या**





*स्रोत: यातायात व्यवस्था कार्यालय र यातायात व्यवस्था सेवा कार्यालय*

समीक्षा वर्षमा यातायात व्यवस्था तथा सेवा कार्यालय सुर्खेतबाट ८ हजार ८ सय ६० ओटा सवारी साधन नामसारी भएका छन । समीक्षा अवधिमा १ हजार २ सय ८८ ओटा नयाँ सवारी चालक अनुमतिपत्र प्रदान गरिएको छ भने ३ हजार ३ सय १६ ओटा सवारी चालक अनुमतिपत्र नविकरण गरिएको छ ।

समीक्षा वर्षमा यस प्रदेशमा कुल वितरित टेलिफोनको संख्यामा ०.७७ प्रतिशतले वृद्धि भएको छ भने अघिल्लो वर्षको सोही अवधिमा सो संख्या १.२२ प्रतिशतले बढेको थियो । गत दुई आर्थिक वर्षको तथ्याङ्कका अनुसार, एनसेल कम्पनिबाट वितरित टेलिफोनको संख्यामा क्रमशः २.८१ प्रतिशत र ०.७० प्रतिशतले गिरावट आएको छ तथापी नेपाल टेलिकमबाट वितरित टेलिफोन संख्यामा वृद्धि भएका कारण समग्रमा सो संख्यामा वृद्धि भएको हो ।


२०७८ असार मसान्तसम्ममा कर्णाली प्रदेशभित्र जम्मा १० लाख ६४ हजार १ सय १९ टेलिफोन वितरण गरिएको छ । सबैभन्दा धेरै सुर्खेत जिल्लामा ४ लाख ५ हजार ४ सय ५९ र सबैभन्दा कम डोल्पा जिल्लामा १३ हजार ८ सय १६ वितरण गरिएको छ ।

**रेखाचित्र ४.९: टेलिफोन वितरित संख्या**




*स्रोत : नेपाल टेलिकम र एनसेल प्रा.लि.*

**रेखाचित्र ४.१०: कुल वितरित टेलिफोनको जिल्लागत अवस्था (प्रतिशत)**





*स्रोत : नेपाल टेलिकम र एनसेल प्रा.लि.*

## ४.५ शिक्षा तथा स्वास्थ्य

समीक्षा वर्षमा यस प्रदेशमा रहेका सरकारी/सामुदायिक अस्पतालको संख्या र ती अस्पतालहरुमा रहेका शैयाहरुको संख्यामा कुनै पनि परिवर्तन भएको छैन । यद्यपी चिकित्सकहरुको संख्यामा भने १२.७६ प्रतिशतले कमी आएको छ । आर्थिक वर्ष २०७६/७७ मा चिकित्सकको संख्यामा ३८.०७ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षसम्ममा यस प्रदेशमा जम्मा १२ वटा सरकारी/सामुदायिक अस्पताल र ८ सय ७५ वटा शैयाहरु रहेका छन् । यस प्रदेशका दश वटा जिल्लाहरुमध्ये सुर्खेत र दैलेख जिल्लामा २/२ वटा र बाँकी आठ जिल्लामा १/१ वटा सरकारी/सामुदायिक अस्पतालहरु सञ्चालनमा रहेका छन् ।

**रेखाचित्र ४.११ : सरकारी/सामुदायिक अस्पतालको अवस्था**





*स्रोत: स्वास्थ्य सेवा निर्देशनालय र जिल्लास्थित स्वास्थ्य सेवा कार्यालयहरु*

समीक्षा वर्षमा यस प्रदेशको सुर्खेत जिल्लामा थप एउटा निजी अस्पताल सञ्चालनमा आएको हुँदा प्रदेशमा निजी अस्पतालको संख्या ४ पुगेको छ । यद्यपी, यस प्रदेशका अन्य बाँकी ९ जिल्लामा हालसम्म कुनैपनि निजी अस्पताल सञ्चालनमा आउन सकेको छैन । दुर्गम तथा पिछडिएको क्षेत्रका जनताहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यसहित यसै क्षेत्रमा दक्ष स्वास्थ्यकर्मी उत्पादन गरी स्वास्थ्य सेवालाई परिष्कृत गर्न जुम्ला जिल्लाको अञ्चल अस्पताललाई २०६८/०७/०३ मा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको रुपमा विकास गरिएको थियो ।

यस प्रतिष्ठानमा समीक्षा वर्षमा चिकित्सकको संख्यामा ८.९६ प्रतिशतले वृद्धि भई ७३ जना पुगेको छ भने शैया संख्यामा ३.१३ प्रतिशतले वृद्धि भई ३ सय ३० पुगेको छ ।

**रेखाचित्र ४.१२: कर्णाली प्रदेशमा विद्यालय संख्या, विद्यार्थी संख्या र शिक्षक संख्याको अवस्था**




*स्रोत: शिक्षा विकास निर्देशनालय, सुर्खेत र जिल्लास्थित शिक्षा विकास तथा समन्वय इकाई*

समीक्षा वर्षमा कर्णाली प्रदेशका सरकारी/सामुदायिक विद्यालयको संख्यामा २.१३ प्रतिशतले ह्रास आएको छ । गत बर्ष यस्तो संख्या २०.१५ प्रतिशतले वृद्धि भएको थियो । नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट जारी परिपत्र अनुसार एउटै भौगोलिक क्षेत्रभित्र सञ्चालित सरकारी तथा सामुदायिक विद्यालय एक आपसमा गाभ्न सकिने प्रावधान अनुरुप यस्ता विद्यालयको संख्यामा ह्रास आएको हो । समीक्षा वर्षमा सरकारी विद्यालयमा अध्यनरत विद्यार्थीहरुको संख्यामा २.७५ प्रतिशतले वृद्धि भई ४ लाख २ हजार २ सय ७२ जना पुगेको छ । गत बर्ष  सो संख्या ३४.१७ प्रतिशतले वृद्धि भएको थियो । सरकारी विद्यालयमा समीक्षा वर्षमा शिक्षकको संख्यामा कुनै परिवर्तन भएको छैन भने गत बर्ष सो संख्या २५.८६ प्रतिशतले वृद्धि भई ९ हजार ४ सय ९६ पुगेको थियो ।


समीक्षा वर्षमा यस प्रदेशमा संस्थागत तथा निजी विद्यालयको संख्या २.१४ प्रतिशतले घटेर २ सय २९ पुगेको छ भने विद्यार्थी संख्या ४.५५ प्रतिशतले घटेर २७ हजार ६ सय ७३ जना पुगेको छ । गत वर्ष विद्यार्थी संख्या ३५.२३ प्रतिशतले वृद्धि भई २८ हजार ९ सय ९३ पुगेको थियो । संस्थागत तथा निजी विद्यालयहरुमा अध्यापन गराउने शिक्षकहरुको संख्या समीक्षा वर्षमा २.८६ प्रतिशतले घटेको छ भने गत वर्ष यो संख्या ४०.६२ प्रतिशतले वृद्धि भई २ हजार ४ सय १५ पुगेको थियो ।

आर्थिक वर्ष २०७६/७७ देखि समीक्षा वर्षसम्ममा कर्णाली प्रदेशमा प्राविधिक शिक्षालयको संख्या र शिक्षकहरुको संख्यामा कुनैपनि परिवर्तन आएको छैन । समीक्षा वर्षमा प्राविधिक शिक्षालयको संख्या र शिक्षकहरुको संख्या क्रमशः १ सय २० र ७ सय ९४ रहेको देखिन्छ । आर्थिक वर्ष २०७७/७८ मा प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी संख्या २.२४ प्रतिशतले घटेर ३ हजार ६ सय १५ पुगेको छ ।

## ४.६ सेवा क्षेत्र कर्जा

समीक्षा वर्षमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुद्वारा प्रवाहित कुल कर्जामध्ये सबैभन्दा धेरै ७७.३१ प्रतिशत कर्जा सेवा क्षेत्रमा प्रवाह भएको छ । यस अवधिमा, सेवा क्षेत्रमा प्रवाहित कर्जा ४८.३४ प्रतिशतले वृद्धि भई रु. ३९ अर्ब ६० करोड पुगेको छ भने गत बर्ष सोही अवधिमा यस्तो कर्जा १९.८० प्रतिशतले वृद्धि भई रु. २६ अर्ब ७० करोड पुगेको थियो ।


**रेखाचित्र ४.१३: कर्णाली प्रदेशका विभिन्न जिल्लाहरुमा प्रवाहित सेवा क्षेत्र कर्जा (रु. दश लाख)**




*स्रोतःनेपाल राष्ट बैंक*

समीक्षा वर्षमा कर्णाली प्रदेशमा प्रवाह भएको सेवा क्षेत्र कर्जामध्ये सबैभन्दा धेरै सुर्खेत जिल्लामा रु.२३ अर्व ५६ करोड (करिव ५९.५१ प्रतिशत) छ भने सवैभन्दा कम हुम्ला जिल्लामा रु.३२ करोड ३३ लाख (करिव ०.८२ प्रतिशत) प्रवाह भएको छ । त्यसैगरी दैलेख र सल्यानमा समान रु.२ अर्ब ९१ करोड कर्जा प्रवाह भएको छ ।

**रेखाचित्र ४.१४: क्षेत्रगत सेवा कर्जा (रु. दश लाख)**




*स्रोत: नेपाल राष्ट बैंक*

समीक्षा वर्षमा सेवा क्षेत्रमा प्रवाहित कर्जामध्ये सबैभन्दा धेरै कर्जा थोक तथा खुद्रा विक्रेतातर्फ प्रवाहित भएको देखिन्छ । समीक्षा वर्षमा यस्तो कर्जा ३०.३२ प्रतिशतले वृद्धि भई रु.१५ अर्ब ९५ करोड पुगेको छ भने यस्तो कर्जाको हिस्सा सेवा क्षेत्रमा प्रवाहित कुल कर्जाको ४०.२७ प्रतिशत रहेको छ । सेवा क्षेत्रमा प्रवाहित कर्जामध्ये सबैभन्दा कम अन्य सेवा शीर्षकमा प्रवाह भएको छ भने स्थानीय सरकारतर्फ कुनैपनि कर्जा प्रवाह भएको छैन ।

## ४.७ सेवा क्षेत्रको चुनौती र सम्भावना

### ४.७.१ चुनौती

- कोभिड-१९ महामारीको प्रभाव यथावत नै रहेकोले आन्तरिक तथा वाह्य पर्यटनलाई प्रोत्साहित गरी पर्यटन व्यावसायको प्रवर्द्धन गर्नु ।
- कोभिड-१९ महामारीको प्रभाव कायमै रहेकोले यातायात, सञ्चार, शिक्षा, स्वास्थ्य, सडक, विद्युत लगायतका पूर्वाधारहरुको अपेक्षित रुपमा विकास गर्नु ।
- बैंक तथा वित्तीय संस्थाहरुको उपस्थिति गाउँपालिका तथा नगरपालिकासम्म पुगेतापनि माग पक्षबाट हुने वित्तीय पहुँच अभिवृद्धि गर्दै वित्तीय साक्षरतामार्फत वित्तीय क्षेत्रको योगदान बढाउनु ।
- पर्यटकस्तरीय होटल तथा होमस्टे व्यवसायको विकास गर्दै यस प्रदेशमा पर्यटकीय जनशक्तिको विकास गरी पर्यटन क्षेत्रको योगदान बढाउदै जानु ।
- पर्यटन व्यवसायको प्रचूर सम्भावना भएतापनि मनोरञ्जनात्मक क्रियाकलाप लगायतका पूर्वाधारहरुको उपयुक्त निर्माण तथा व्यवस्थापन नभएकोले आन्तरिक तथा वाह्य पर्यटकहरुको घुम्ने अवधि बढाउनु ।

- कठिन भौगोलिक बनावटले सडक तथा बाटोको सहज पहुँच नहुँदा यातायातका साधनहरु सञ्चालन जोखिमपूर्ण रहेकोले मानिसहरु आवतजावत गर्न र उत्पादित वस्तु ओसार पसार गर्ने कार्यलाई सहज बनाउनु ।
- न्यून रोजगारी तथा न्यून आयस्तरको कारणले शिक्षाको पहुँचमा आउन नसकेको वर्गलाई गुणस्तरीय शिक्षा प्रदान गर्नु ।
- स्वास्थ्य संस्थाहरुको अभाव तथा स्वास्थ्यकर्मीहरुको न्यून उपस्थितिले गुणस्तीरय स्वास्थ्य सेवा प्रदान गर्ने कार्य निकै चुनौतीपूर्ण रहेको छ ।

### ४.७.२ सम्भावना


- यस प्रदेशमा शे-फोक्सुण्डो, रारा, बुलबुले ताल, काक्रेविहार लगायतका पर्यटकीय क्षेत्र रहेकोले पर्यटन विकासको उच्च सम्भावना रहेको छ ।
- बैंक तथा वित्तीय संस्थाहरुमा जनताको पहुँच र वित्तीय साक्षरतामा आएको सुधारले साना तथा मझौला क्षेत्रको विकास गर्दै कर्जा विस्तारको सम्भावना उच्च रहेको छ ।
- सुर्खेत विमानस्थललाई स्तरोन्नति गरी प्रदेश अन्तर्गतका जिल्लाहरु डोल्पा, मुगु, हुम्ला, जुम्ला तथा रुकुम पश्चिममा यात्रुवाहक हवाई सेवा नियमितरुपमा सञ्चालन गर्न सकेमा यस क्षेत्रमा रहेका पर्यटकीय क्षेत्रको विकास भई रोजगारी समेत बढ्ने सम्भावना रहेको छ ।
- सडक निर्माण तथा विस्तार गरी यातायात सेवाको स्तरोन्नति गर्न सकेमा समग्र क्षेत्रको समुचित विकास सँगै प्रत्यक्ष रोजगारीमा समेत वृद्धि गर्न सकिने सम्भावना रहेको छ ।
- यो प्रदेश शिक्षा, स्वास्थ्य, पर्यटन, रियलस्टेट लगायत अन्य सेवा क्षेत्रमा पछि परेकाले यस प्रदेशमा यी विविध क्षेत्रहरुको विकास र विस्तार गर्न सकिने सम्भावना उच्च रहको छ ।

# परिच्छेद ५
# पूर्वाधार र रोजगारी

## ५.१ पूर्वाधार क्षेत्र

प्रदेशका सडक सञ्जालमा कच्ची र पक्की सडक गरी करीब १,४४१.१९ कि.मि. सडक सञ्चालनमा रहेको छ । सञ्चालनमा रहेका सडकहरुको उपयुक्त स्तरमा मर्मत-संभार, सुधार तथा पुनर्स्थापना गरी सडक यातायातलाई भरपर्दो र सुरक्षित बनाउन आवश्यक रहेको छ ।

**रेखाचित्र ५.१ : सडक सञ्जाल (किलोमिटर)**




*स्रोत: रणनीतिक सडक नेटवर्क (SSRN),सडक विभाग*

समीक्षा वर्षमा डोल्पा, मुगु र हुम्ला जिल्लामा कच्ची सडक सञ्जालको बिस्तार भएको देखिन्छ जहाँ क्रमश: १०७.२६ कि.मी., २७.११ कि.मी. र ९० कि.मी. कच्ची सडक रहेको छ भने यी हिमाली क्षेत्रका अधिकांश जिल्लाहरुमा सडकहरु कालोपत्रे गरिएका छैनन् । आर्थिक वर्ष २०७७/७८ मा कालीकोट, दैलेख, सल्यान र सुर्खेत जिल्लाहरुमा पक्की सडकको तुलनामा कच्ची सडकको खासै विस्तार भएको देखिँदैन तथापी, यी जिल्लाहरुमा पक्की सडक क्रमश ६५.९ कि.मी., १४८.८१ कि.मी., १४५.०८ कि.मी. र १८९.२८ कि.मी. छ भने कच्ची सडक क्रमश: ३६ कि.मी., १३३ कि.मी., ३४.४२ कि.मी. र ३० कि.मी. रहेको छ । त्यसैगरी, जुम्ला, जाजरकोट र रुकुम पश्चिम जिल्लामा कच्ची सडकको तुलनामा पक्की सडक सञ्जालको खासै विस्तार भएको देखिदैन र यी जिल्लाहरुमा कच्ची सडक क्रमश ९४.७६ कि.मी., १६०.४४ कि.मी. र ६३.७३ कि.मी. रहेको छ भने पक्की सडक क्रमश ३१ कि.मी., ३७ कि.मी.र ४७.४ कि.मी. रहेको छ । कर्णाली प्रदेश अन्य प्रदेशभन्दा ठूलो र भौगोलिक रुपमा विकट रहेकाले यहाँ सडक सञ्जालको अपेक्षित रुपमा विस्तार हुनसकेको छैन ।

### मध्यपहाडी लोकमार्ग

सडक सञ्जालको विकासलाई आत्मसात गर्दै नेपालको मध्य-पहाडी भुभागका २५ जिल्लाहरुलाई समेटेर निर्माण गरिने नेपालको सबैभन्दा लामो सडकमार्ग नै मध्यपहाडी लोकमार्ग हो । पुष्पलाल लोकमाार्गका नामले समेत चिनिने यो सडकमार्ग नेपाल सरकारको आन्तरिक श्रोतबाटै निर्माण भइरहेको छ । आ.व. २०६४/०६५ देखि निर्माण कार्यको प्रारम्भ गरिएको यस सडकमार्गको निर्माण सम्पन्न पश्चात पहाडी भुभागका जिल्लाहरुको आर्थिक, सामाजिक, साँस्कृतिक र पर्यटकीय लगायत समग्र क्षेत्रको सन्तुलित विकास हुने अपेक्षा गरिएको छ । मध्यपहाडी लोकमार्ग, आयोजना प्रतिवेदन २०११ अनुसार यो सडकमार्ग पहाडी क्षेत्रको पूर्वमा पाँचथर जिल्लाको चियोभञ्ज्याङ्ग देखि पश्चिममा बैतडी जिल्लाको झुलाघाटसम्म १ हजार ७ सय ७६ किलोमिटर लामो रहेको छ । कर्णाली प्रदेशका ३ जिल्लाहरु रुकुम पश्चिम, जाजरकोट र दैलेखलाई समेटेको यस सडकमार्गको करिव २ सय ३० किलोमिटर सडकखण्ड यस प्रदेशभित्र पर्दछ जसमा मुसिकोट-चौरजहारी ४३ किलोमिटर, चौरजहारी-दैलेख १०३ किलोमिटर, दैदेख-दुल्लु-लैनचौर ३९ किलोमिटर र लैनचौर-सातला-साईजुला ४५ किलोमिटर सडकखण्ड रहेको छ ।

## कर्णाली राजमार्ग

कर्णाली प्रदेशको राजधानी सुर्खेत देखी दैलेख र कालिकोट हुँदै जुम्लासम्मको २३२ किलोमिटर खडकखण्ड नै कर्णाली राजमार्ग हो । वि.सं. २०५० सालमा शिलान्यासगरी निर्माण कार्यको थालनी गरिएको यो राजमार्ग २०६५ सालमा निर्माण सम्पन्न भई सञ्चालनमा आएको छ । कर्णाली नदिको किनारै किनार भएर जाने यो राजमार्गमा प्राप्तमात्रामा सडक मापदण्डहरुको विकास नहुँदा बारम्वार सडक दुर्घटना हुने गरेकोले यस प्रदेशको विकासको सम्वाहकको रुपमा रहेको यो राजमार्गको विकास तथा स्तरोन्नती गर्नुपर्ने देखिन्छ ।


## कर्णाली करिडोर

कर्णाली प्रदेशलाई भारत तथा चीनसँग जोड्ने सडकको रुपमा भारतको रुपडिहा नाकालाई हिल्सा हुदै तिब्बतसम्म जाड्ने उद्देश्यले कर्णाली करिडोरको निर्माण गरिएको हो । यो सडकखण्ड कालिकोट जिल्लाको खुलालुदेखि सुरुभई हुम्ला जिल्लाको सलिसल्लासम्म करिव १२३ किलोमिटर रहेको छ । कूल लागत रु. १ अर्व ६५ करोड रहेको यो सडक नेपाली सेनाले आठ बर्ष लगाएर निर्माण सम्पन्नगरी आ.व.२०७७/०७८ को अन्त्यतिर नेपाल सरकार, सडक विभागलाई हस्तान्तरण गरेको छ । भौगोलिक विकटताको कारण राष्ट्रिय राजमार्गसँग जोडिन नसकेको हुम्ला जिल्ला यस करिडोरको निर्माणपश्चात राष्ट्रिय सडकसञ्जालसँग आबद्ध भएको छ । कालिकोट तथा बाजुरा जिल्लामा समान ४४ किलोमिटर र हुम्ला जिल्लामा ३५ किलोमिटर रहेको यस सडकखण्डले कर्णाली तथा सुदुरपश्चिम प्रदेशमा सकारात्मक आर्थिक प्रभावपार्ने देखिन्छ । यद्यपी यस सडकमा कालोपत्रे तथा अन्य स्तरोन्नतिको कार्य अपेक्षाकृतरुपमा हुन नसकेकोले सवारीसाधन आवागमनमा कठिनाई भएको देखिन्छ ।

सडक पूर्वाधारको कमी तथा भौगोलिक अवस्थाले गर्दा यातायातको पहुँचको रुपमा हवाई सेवाको भूमिका यस प्रदेशमा महत्वपूर्ण रहेको छ । यद्यपी, प्रतिकुल मौषम तथा बिमानस्थलहरुको समयसापेक्ष विस्तार एवम् स्तरोन्नति हुन सकेको छैन ।

कर्णाली प्रदेश क्षेत्रफलको हिसाबले अन्य प्रदेशभन्दा ठूलो भएकोले यहाँका हरेक घर तथा बस्तीमा बिजुलीको सुविधा पुर्याउनु आफैंमा चुनौतीपूर्ण रहेको छ । यद्यपी, अर्धवार्षिक समीक्षा २०७७/७८ मा ३,९९० कि.मी. रहेको विद्युत प्रसारण लाईन समीक्षा वर्षमा ५,६३६.४४ कि.मी. पुगेको छ । सबैभन्दा धेरै विद्युत प्रसारण लाईन १,५४३ कि.मी. रुकुम पश्चिम जिल्लामा रहेको छ भने सबैभन्दा कम ५५.२८ कि.मी.जुम्ला जिल्लामा रहेको छ । त्यसैगरी, सुर्खेतमा १,१५९ कि.मी., सल्यानमा १,०९५.५२ कि.मी., दैलेखमा ६४२ कि.मी., कालिकोटमा ५१४.०३ कि.मी., जाजरकोटमा २८९ कि.मी., डोल्पामा १२५.२१ कि.मी., हुम्लामा ११४ कि.मी. र मुगुमा ९९.४ कि.मी. बिद्युत प्रसारण लाईन रहेको छ ।


**रेखाचित्र ५.२ : विद्युत प्रसारण लाईन (किलोमिटर)**




*स्रोत: विद्युत प्राधिकरण, सुर्खेत*

कर्णाली, तिला र भेरी नदीमा गरिएको सम्भाव्यता अध्ययन अनुसार यस प्रदेशको कुल जलविद्युत उत्पादन क्षमता करिब १८,००० मेगावाट रहेतापनि नेपाल विद्युत प्राधिकरणको वार्षिक प्रतिवेदन २०७७/७८ अनुसार कर्णाली प्रदेशमा हालसम्म जम्मा १०.७० मेगावाट विद्युत उत्पादन भएको छ । जसमध्ये सबैभन्दा धेरै ८.५५ मेगावाट विद्युत उत्पादन दैलेख जिल्लाबाट भएको छ भने सबैभन्दा कम डोल्पा र जुम्ला जिल्लाबाट समान ०.२० मेगावाट विद्युत उत्पादन भएको छ । दैलेख जिल्लामा रहेका पदम खोला र द्धारी खोला साना जलविद्युत आयोजनाबाट क्रमश: ४.८ मेगावाट र ३.७५ मेगावाट विद्युत उत्पादन भईरहेको छ । त्यसैगरी, हुम्ला जिल्लाबाट ०.५० मेगावाट, मुगु र कालिकोट जिल्लाबाट समान ०.४० मेगावाट र रुकुम पश्चिम जिल्लाबाट ०.३५ मेगावाट विद्युत उत्पादन भएको देखिन्छ । हुम्लाको सिमिकोट र मुगुको गमगढीबाट समान ५० किलोवाट बराबरको सौर्य उर्जा उत्पादन भईरहेको छ । त्यस्तै सुर्खेत जिल्लामा रहेको ३४५ किलोवाट क्षमताको झुप्रा विद्युतगृह हाल सञ्चालनमा रहेको छैन ।

**रेखाचित्र ५.३ : विद्युत उत्पादन (कि.वा. आवर)**




*स्रोत: नेपाल विद्युत प्राधिकरण*

यस प्रदेशमा हालसम्म कुनैपनि ठूला जलविद्युत आयोजनाहरु सञ्चालनमा नरहेतापनि दैलेख जिल्लामा हाल २.१५ मेगावाट क्षमताको माथिल्लो पराजुली खोला, ४.२ मेगावाट क्षमताको लोहोरे खोला र ४ मेगावाट क्षमताको माथिल्लो लोहोरे खोला आयोजना निर्माणाधीन अवस्थामा रहेका छन् । त्यस्तै कालिकोट जिल्लामा १२ मेगावाट क्षमताको रुरुबन्चु खोला-२ जलविद्युत आयोजनाको निर्माण कार्य भईरहेको छ । यी बाहेक कर्णाली प्रदेशमा ८२.३ मेगावाट क्षमताको जगदुल्ला-ए, १९०२ मेगावाट क्षमताको मुगु कर्णाली, १३५ मेगावाट क्षमताको चेरा-१, ४८० मेगावाट क्षमताको फुकोट कर्णाली लगायतका अन्य जलविद्युत परियोजनाहरु अध्ययनको क्रममा रहेका छन् ।

## भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजना

जापानको अन्तर्राष्ट्रिय सहयोग संस्था JICA द्वारा सन् १९९८ र १९९९ मा गरिएको सम्भाब्यता अध्ययन अनुसार भेरी नदीको पानी बबई नदीमा खसाली जलविद्युत उत्पादन गर्न सम्भव हुने देखिएको थियो । हिमनदी स्रोत भएका नेपालका नदिहरुको पानीलाई मझौला नदीहरुमा स्थानान्तरण गरी विकसित सिंचाई प्रणालीमार्फत कृषि उत्पादनलाई बढाउने र मुलुकमा खाद्य संकटको अवस्था आउन नदिने उद्देश्य अनुरुप नेपालमा सिंचाई विभागबाट पहिलो बहुउद्देश्यीय आयोजना भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजनाको रुपमा आ.व. २०७१/७२ बाट निर्माण कार्यको सुरुवात गर्ने गरी मिति २०६८/०५/०७ मा यो आयोजना स्थापना गरिएको थियो ।

संशोधित समय तालिका अनुसार आ.व. २०७९/८० मा सम्पन्न गर्ने लक्ष्य रहेको यस आयोजनाको अनुमानित लागत रु.३६ अर्ब ८० करोड ७७ लाख रहेको छ । जसमा भेरी बबई डाईभर्सनतर्फ रु.३३ अर्ब १९ करोड ६६ लाख र भेरी करीडोर विकास आयोजनातर्फ रु.३ अर्ब ६१ करोड ११ लाख रहेको छ । सुर्खेत जिल्लाको भेरीगंगा नगरपालिकाको चिप्लेस्थित भेरी नदीमा करिव ११४ मिटर लामो व्यारेज सहित ४.४ मिटर ब्यास र १२.२ कि. मि. लामो सुरुङ्गमार्फत ४० घनमिटर प्रतिसेकेण्ड पानी बबई नदीमा खसालिने छ र नियमित रुपमा २ ओटा युनिट संचालन गरी जम्मा ४६.८ मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य रहेको छ । यसरी हेर्दा वार्षिक करिव ४०० गिगावाट आवर विद्युत उत्पादन गरिने लक्ष्य रहेको देखिन्छ । साथै, आयोजना सम्पन्न भएपछि बर्दिया र बाँके जिल्लाका करिव ५१ हजार हेक्टर भुमिमा बाह्रै महिना सिंचाई सुविधा उपलब्ध हुनेछ । आ.व. २०७४/०७५ को मूल्य निर्धारण अनुसार बार्षिक रु. ७.१३ अर्ब रुपैयाँ आम्दानी गर्न सक्ने क्षमताको यस आयोजनाबाट आयोजना प्रभावित क्षेत्रमा विभिन्न पूर्वाधार निर्माण सम्बन्धी कार्यक्रमहरु संचालन गरी आयोजना क्षेत्रको बासिन्दाहरुको सामाजिक तथा आर्थिक स्तरोन्नति हुने अनुमान छ । वि.सं २०७४ कार्तिक २० बाट TBM Technology प्रयोग गरी सुरु गरिएको १२.२ कि.मि. लामो सुरुङ्ग निर्माण कार्यको Breakthrough २०७६ बैशाख ३ गते सम्पन्न भएको छ ।

### आ.व. २०७७/०७८ को असार मसान्त सम्मको वित्तीय तथा भौतिक प्रगती

| कार्यको विवरण | वार्षिक बजेट (रु लाखमा) | आषाढ मसान्तसम्मको खर्च (रु लाखमा) | वित्तीय प्रगति (प्रतिशतमा) | भौतिक प्रगति (प्रतिशतमा) |
|---|---|---|---|---|
| **भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजना** | १२२६९.६१ | ९४१९.६७ | ७६.७७ | ८७.२३ |
| **भेरी करिडोर सिंचाई विकास आयोजना** | ३३२९.०० | २४९७.३२ | ७५.०२ | ९०.८ |
| **जम्मा** | १५५९८.६१ | ११९१६.९९ | ७६.४ | |
| **चालु** | २८२ | १९९.२८ | ७०.६७ | |
| **कुल जम्मा** | १५८८०.६१ | १२११६.२७ | ७६.३ | ८७.९९ |

भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजनाले सामाजिक दायित्व तथा वातावरणीय सुधार अर्न्तगत प्रभावित क्षेत्रहरुमा सडक, सिञ्चाई कुलो, लिफ्ट सिञ्चाइ , नदी नियन्त्रण, खानेपानी तथा सरसफाई, विद्यालय सुधार सम्बन्धी कार्यक्रमहरु संचालन गर्दै आएको छ । वातावरणीय संरक्षण तथा सामाजिक विकास कार्यहरु अन्तर्गत आ.व. २०७६/७७ सम्ममा बबई क्षेत्रमा ९ वटा सिञ्चाइ कुलो र ४ वटा नदी नियन्त्रणका योजनाहरु सम्पन्न भएका छन भने चिप्ले क्षेत्रमा सिञ्चाइ कुलो तथा नदी नियन्त्रणका ३२ वटा योजनाहरु सम्पन्न भएका छन् । त्यसैगरी,आ.व. २०७७/७८असार मसान्तसम्म यस कार्यक्रम अर्न्तगत ५३ वटा सतह सिंचाई योजनाहरुमध्ये ३ वटा सम्पन्न, ५० वटा निर्माणाधीन, १५ वटा लिफ्ट सिंचाई योजना मध्ये १ वटा सम्पन्न, १४ वटा निर्माणाधीकन, १३ वटा नदी नियन्त्रणका योजनाहरु मध्ये १ वटा सम्पन्न १२ वटा निर्माणाधीन तथा अन्य २२ वटा योजनाहरु मध्ये ७ वटा सम्पन्न १५ वटा निर्माणाधीन अवस्थामा रहेका छन् ।

**आयोजनाको आगामी कार्य योजनाः**

आ.व. २०७९/८० सम्म निर्माण कार्य सम्पन्न गर्नेगरी थालिएको यस भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजनाको आ.व. २०७७/७८ को असार मसान्तसम्म समग्र भौतिक प्रगति ८७.२३ प्रतिशत भएको छ । निर्धारित समयसम्म आयोजनाको कार्य सम्पादन पुरागर्न आगामि आ.व. मा निम्न कार्यहरु गर्ने योजना रहेको छ ।

- हेडवर्क्स तथा पावरहाउसको सिभिल निर्माण कार्य सुचारु गर्ने ।
- हाईड्रोमेकानिकल सम्बन्धी खरिद प्रक्रिया सम्पन्न गरी निर्माण कार्य शुरु गर्ने ।
- ईलेक्ट्रोमेकानिकल सम्बन्धी खरिद प्रक्रिया सम्पन्न गरी निर्माण कार्य शुरु गर्ने ।
- प्रसारण लाईन सम्बन्धी खरिद प्रक्रिया सम्पन्न गरी निर्माण कार्य शुरु गर्ने ।
- वातावरणीय सुधार, सामाजिक विकास तथा क्षमता अभिबृद्धि कार्यलाई निरन्तरता दिईने ।

भेरी करिडोर सिचाई विकास आयोजना अर्न्तगत भुमिगत/लिफ्ट तथा सतह सिंचाई योजना एवं सिंचित क्षेत्र तथा इन्टेक बचावट कार्य सम्बन्धी कार्यहरुलाई निरन्तरता दिईने तथा आवश्यक कार्यविधी स्वीकृत भए पश्चात सो कार्यविधी अनुसार जग्गाको मुआब्जा वितरण सम्बन्धी कार्य सम्पन्न गर्ने ।

**आयोजना कार्यान्वयनमा देखिएका समस्याहरुः**

विश्वव्यापी महामारीको रुपमा फैलिएको काभिड-१९ को प्रभावबाट विभिन्न चरणमा कार्य सम्पादनमा असर पर्न गएको देखिन्छ । साथै यस आयोजनामा ठूला तथा हिमालयन प्रकृतिका नदिको Dewatering , Diversion गर्नुपर्ने हुँदा ठूला ठूला यन्त्र, उपकरणहरुको प्रयोग गर्नुपर्ने र उक्त उपकरणहरु प्रयोग गर्न आवश्यक पर्ने दक्ष प्राविधिक जनशक्तिको अत्यन्तै अभाव भएको र बन तथा राष्ट्रिय निकुञ्ज क्षेत्रमा निर्माण कार्य गर्दा प्रक्रियागत जटिलता हुने भएकाले यस आयोजनाको लक्ष अनुसार प्रगति हुन सकेको छैन ।

यस किसिमका आयोजनाहरुको विकास गर्न परामर्शदाता तथा निर्माण व्यवसायी आवश्यक पर्ने अवस्थामा स्वदेशबाट पूर्ति हुन नसकेपछी विदेशीमाथी भर पर्नु पर्ने बाध्यता रहेको छ । यसबाट लागत बढ्ने तथा निर्माण स्थलमै सिर्जना भएका तत्कालिन समस्याहरु समाधान गर्न कठिन हुने गरेको छ ।

यस किसिमका राष्ट्रिय गौरवका आयोजनाहरुमा संघीय संरचनामा तीन तहका सरकारको समन्वय हुन नसक्दा कार्य सम्पादनमा प्रक्रियागत जटिलताहरु देखापर्ने गरेका छन् ।

निर्माण सामाग्रीको उपलब्धतामा खासगरी नदी जन्य सामग्री लगायत स्थानिय निर्माण सामग्री प्राप्तिमा हुने कठिनाईले आयोजना निर्माणमा समस्या परेको छ ।

जलाधार क्षेत्रमा जलवायु परिवर्तनको कारणबाट पानीको उपलब्धतामा आएको परिवर्तन, बाढी, पहिरो, तथा भुक्षय जस्ता प्रकोपबाट उत्पन्न जोखिमले विभिन्न समस्याहरु निम्तिने गरेको देखिन्छ ।

यस किसिमका ठूला आयोजनाहरु निर्माण गर्दा स्थानियहरुको उच्च आकांक्षा हुने हुनाले माग व्यवस्थापन, स्थानीय व्यक्तिहरुको अवरोध, सुरक्षा चुनौतीहरु लगायत अनावश्यक झन्झट आउने हुनाले समयमै कार्य सम्पादन गर्न कठिन चुनौती रहेको छ ।


*स्रोतः सम्बन्धित आयोजनाको वार्षिक प्रतिवेदन २०७७/७८*

## ५.२ वैदेशिक रोजगारी

वैदेशिक रोजगार विभागका अनुसार समीक्षा वर्षमा नेपालबाट ७२ हजार ८१ जना वैदेशिक रोजगारीको सिलसिलामा भारतबाहेकका मुलुक गएका छन् । जसमध्ये कर्णाली प्रदेशबाट जम्मा २ हजार ७ सय १० जना विदेश गएको देखिन्छ । त्यसमध्ये सबैभन्दा वढी ९ सय ३३ जना सल्यान जिल्ला र सबैभन्दा कम ११ जना डोल्पा जिल्लाबाट वैदेशिक रोजगारीमा गएको देखिन्छ । तर खुला सीमानाका कारणले यस प्रदेशका विभिन्न क्षेत्रहरुबाट मौसमी कामका लागि उल्लेख्य संख्यामा छिमेकी देश भारत जाने भएतापनि त्यसको आधिकारीक तथ्याङ्क उपलब्ध छैन ।

कर्णाली प्रदेशबाट महिलाको संख्याभन्दा पुरुषहरु नै धेरै मात्रामा वैदेशिक रोजगारीमा गएका छन् । साथै, समीक्षा वर्षमा, यस प्रदेशका हिमाली जिल्लाहरुबाट भन्दा पहाडी जिल्लाहरुबाट धेरै संख्यामा वैदेशिक रोजगारीमा गएका छन ।

**रेखाचित्र ५.४ : वैदेशिक रोजगारमा जाने श्रमिकहरुको संख्या (जिल्लागत)**




*स्रोत : वैदेशिक रोजगार विभाग*

## ५.३ आन्तरिक रोजगारी

आर्थिक सर्वेक्षण २०७५/७६ अनुसार कर्णाली प्रदेशको वेरोजगारी दर ९.७ प्रतिशत र निरपेक्ष गरिबीको रेखामुनी रहेको जनसंख्या २८.९ प्रतिशत रहेको छ । आर्थिक सर्वेक्षण २०७७/७८ अनुसार यस प्रदेशमा रहेको कुल १,३०,००० वेरोजगार जनसंख्यालाई रोजगारीको अवसर प्रदान गरी निरपेक्ष गरिबीको दरलाई उल्लेख्य रुपमा घटाउन कर्णाली प्रदेशका जम्मा ७९ वटा स्थानीय तहमध्ये ६० वटा स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा आएको छ ।

**तालिका ५.१: प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको विवरण (कर्णाली प्रदेश)**

| आर्थिक वर्ष | स्थानीय तहको संख्या | कार्यक्रम सञ्चालन भएका स्थानीय संख्या | आयोजना संख्या | रोजगारी प्रदान गरिएका व्यक्तिहरुको संख्या | रोजगारी प्रदान गरिएको औसत दिन | जम्मा रोजगारी दिन |
|---|---|---|---|---|---|---|
| **२०७६/७७** | ७९ | ७४ | ८४५ | ३३,००३ | ११.१८ | ३,६९,०२२ |
| **२०७७/७८** | ७९ | ६० | ५८७ | १६,४३८ | १९ | २,९६,६८४ |

*स्रोत: आर्थिक सर्वेक्षण, अर्थ मन्त्रालय*

समीक्षा वर्षमा यस कार्यक्रम अन्तर्गत ५८७ वटा आयोजनाहरु सञ्चालनमा रहेका छन् भने जम्मा १६,४३८ जनाले रोजगारीको अवसर प्राप्त गरेका छन् (तालिका ५.१) । यस प्रदेशमा आर्थिक वर्ष २०७६/७७ मा भन्दा समीक्षा वर्षमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कम आयोजनाहरु सञ्चालन भई तुलनात्मक रुपमा थोरै रोजगारीको अवसर सिर्जना भएको देखिन्छ ।

## ५.४ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

### ५.४.१ चुनौती

- निर्धारित समयमा प्रदेशका सबै जिल्लाहरुमा राजधानी सुर्खेतबाट सहज तथा सुलभ सडक र हवाई सञ्जालको विकास गर्नु ।
- कठिन भू-बनोटको कारणले अत्यावश्यक भौतिक पूर्वाधारहरुको निर्माण तथा पुर्ननिर्माण कार्यहरुको लागत अत्याधिक हुनु ।

- कठिन भू-बनोटले सडक बिकासका सम्भावना कम भएका क्षेत्रहरुमा यातायातका वैकल्पिक माध्यमहरुको व्यवस्था गर्नु ।
- विमानस्थलहरुको बिस्तार तथा उचित व्यवस्थापन गर्नु ।
- कर्णाली प्रदेशमा रहेका जलाधारहरुको उपयोग गरी विद्युत उत्पादन, प्रसारण तथा वितरण कार्य अगाडी बढाउनु ।
- सडक मार्ग, जलविद्युत उत्पादन तथा प्रसारण र विमानस्थल लगायतका पूर्वाधारको विकास गर्न केन्द्र, प्रदेश र स्थानीय निकायबीच आपसी समन्वय गर्नु ।
- उपलब्ध युवा जनशक्तिलाई आवश्यक रोजगारी सिर्जना गर्नु ।

### ५.४.२ सम्भावना

- पूर्वाधार लगानीमा द्विपक्षीय तथा बहुपक्षिय विकास साझेदारहरुको सहयोगमा पूर्वाधार क्षेत्रको विकास गर्न सकिने सम्भावना रहेको छ ।
- पर्यटन व्यवसायको उपयुक्त गन्तव्य तथा प्राकृतिक सुन्दरताले भरिपूर्ण भौगोलिक बनावट रहेकोले आन्तरिक तथा वाह्य पर्यटक भित्र्याउन सकिने सम्भावना उच्च रहेको छ ।
- कठिन भू-बनोटले सडक विकासका सम्भावना कम भएका क्षेत्रमा सुरुङ्ग मार्ग, केबलकारको प्रयोगको सम्भावना रहेको छ ।
- यस प्रदेशमा कर्णाली, भेरी लगायतका ठूला हिमनदीहरु रहेकाले प्रचुर मात्रामा जलविद्युत उत्पादन गरी रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ ।
- यो प्रदेश बन पैदावर तथा जडिबुटीजन्य बस्तुहरका उत्पादनको भण्डार भएकोले त्यस्ता बस्तुहरुलाई प्रशोधनगरी औषधिजन्य बस्तुकोरुपमा उत्पादन तथा बिक्रीवितरण गर्न सकिने सम्भावना उच्च रहेको छ ।
- प्राविधिक शिक्षा तथा तालिमहरु प्रदान गरी दक्ष जनशक्ति उत्पादन गर्न सकिएमा आन्तरिक रोजगारी र स्वरोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ ।

# परिच्छेद ६
# आर्थिक परिदृष्य

विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ का कारण शिथिल देखिएको नेपालको अर्थतन्त्र र यससँग प्रत्यक्षरुपले जोडिएका कृषि, उद्योग, सेवा, पूर्वाधार लगायतका क्षेत्रहरु समीक्षा वर्षमा भने केही चलायमान भएका छन् । आर्थिक वर्ष २०७७/७८ को सुरुवाती समयमा कोभिड-१९ महामारीबाट बच्न अघिल्ला वर्षदेखि नै सरकारले लगाउँदै आएको देशव्यापी बन्दाबन्दी कायमै थियो । तथापी, कोभिड-१९ विरुद्धको खोपको प्रयोग बढेसँगै, जनमानसमा उक्त रोगको प्रभाव घट्दै गएकाले समीक्षा वर्षको अन्त्यतिर मुलुकमा बन्दाबन्दी हटेको थियो । स्वास्थ्य मन्त्रालयको तथ्याङ्क अनुसार, हालसम्म कर्णाली प्रदेशमा ३,४०,७६४ जनाले कोभिड-१९ विरुद्धको दुवै चरणका खोप लगाईसकेका छन् । जसका कारण यस रोगको असर विस्तारै कम हुँदै जाने देखिन्छ । यही परिप्रेक्ष्यमा, सम्बन्धित सरोकारवाला व्यक्ति तथा संस्थाहरुसँग गरिएको सर्वेक्षण तथा अन्तरक्रियाका आधारमा आर्थिक वर्ष २०७८/७९ मा यस प्रदेशको कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रको परिदृश्य यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

## ६.१ कृषि उत्पादन

- कोभिड-१९ का कारण उद्योग लगायत अन्य अधिकांश क्षेत्र पहिलेकै लयमा पूर्णरुपमा फर्किनसकेको अवस्थामा, कृषि क्षेत्रमा मानिसको आकर्षण तथा उपस्थिति बढेको र बीउमा सहयोगका कार्यक्रमहरु स्वीकृत भएकोले बाँझा छोडिएका जमिनको उपयोग बढ्दै गएकाले आर्थिक वर्ष २०७८/७९ मा कृषि बालीले ढाकेको क्षेत्रफलमा वृद्धि हुने देखिन्छ ।
- कर्णाली प्रदेशका विभिन्न जिल्लामा सिंचाई आयोजना तथा कृषिजन्य बीउविजन अनुदानका कार्यक्रमहरु स्वीकृत भएको र कृषियोग्य भूमिमा भएको विस्तारले यस प्रदेशको समग्र कृषि उत्पादनमा सुधार हुने देखिन्छ ।
- सरकारले प्रदान गर्ने सहुलियतपूर्ण कर्जा, वैदेशिक रोजगारीबाट फर्केका श्रमिकलाई कृषि अनुदान, पकेट क्षेत्र निर्माण आदि सुविधा ग्रामीण क्षेत्रमा पनि विस्तार हुँदै गएकोले आगामी वर्षमा पशुपन्छी, माछा तथा नगदेबालीको उत्पादन बढ्ने देखिन्छ ।
- दूध संकलन तथा व्यवसायिक फार्महरुको सञ्चालन, सरकारले कृषि बाली तथा पशु बीमाको प्रिमियम मा प्रदान गरेको ८० प्रतिशत अनुदान, बैंक तथा वित्तीय संस्थाहरुले प्रदान गर्दै आईरहेको सहुलियतपूर्ण कर्जाको निरन्तरता तथा व्यवसायिक कृषकलाई अनुदानको व्यवस्थाका कारणले दूध उत्पादन आगामी आर्थिक वर्षमा २०.५६ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको छ ।
- त्यसैगरी, कर्णाली प्रदेशका विभिन्न जिल्लामा बाख्रा तथा भेडापालनमा सहुलियतपूर्ण कार्यक्रमहरु जस्तै ५० प्रतिशत भन्दा बढी भेडापालक किसानलाई औषधी उपचार तथा स्वास्थ्य सामाग्री सहयोग गर्ने, पशु बीमाको प्रिमियममा सहुलियत दिने तथा स्थानीय र उन्नत कुखुरापालनका लागि कृषकहरु अग्रसर भई दाना उद्योग समेत स्थापना हुने भएकोले मासु, अण्डा र उन उत्पादन आर्थिक वर्ष २०७८/७९ मा क्रमशः २१.५५ प्रतिशत, २२.२५ प्रतिशत र २०.२ प्रतिशतले बढ्ने अनुमान गरिएको छ ।
- ढलेका रुखहरुको सदुपयोग, वन उपभोक्ता समुहको अग्रसरता, नेपाल सरकारको वन व्यवस्थापन कार्यक्रमको निरन्तरता, सालको कटानी तथा यार्सागुम्बाको संकलनमा लगाईएको बन्देज माथिको फुकुवा, अवैध वन फडानीको नियन्त्रण एवम् वनस्पतीजन्य वस्तुहरुको संरक्षणमा सरकारको क्रियाशीलताले काठ, दाउरा र जडिबुटि उत्पादनमा वृद्धि हुने अनुमान गरिएको छ ।

## ६.२ औद्योगिक उत्पादन

- विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ का कारण सबैभन्दा बढी मारमा परेका क्षेत्रहरुमध्ये उद्योग क्षेत्र पनि एक हो । पछिल्लो समय यो महामारी न्यून बन्दै गएको, खोप लगाउने श्रमिकहरु बढ्दै गएको

र सरकारले कोभिडका कारण थलिएको औद्योगिक क्षेत्रलाई मध्यनजर गरेर बजेट तथा कार्यक्रम ल्याएकोले यस प्रदेशको समग्र औद्योगिक उत्पादन आर्थिक वर्ष २०७८/७९ मा बढ्ने देखिन्छ ।

- निषेधाज्ञा खुकुलो हुने क्रमसँगै, भारतबाट आउने धातु, मेसिनरी तथा ईलेक्ट्रोनिक्स उत्पादनका कच्चा पदार्थ सहजरुपमा आयात हुन थालेकाले यस शिर्षकको उत्पादनमा वृद्धि हुने देखिन्छ ।
- कृषि, वन तथा पेय पदार्थजन्य उत्पादनमा दिइने औद्योगिक कर्जामा भएको वृद्धिसँगै यस सम्बन्धी उत्पादन बढ्ने देखिन्छ ।

### ६.३ सेवा क्षेत्र

- कोभिड-१९ महामारीबाट अत्यन्तै प्रभावित क्षेत्रमध्ये सेवा क्षेत्र पनि एक हो । उक्त रोग विरुद्धको खोप अभियान तीब्र रुपमा सञ्चालन भइरहेकोले आर्थिक वर्ष २०७८/७९ मा सेवा क्षेत्र आफ्नो लयमा फर्किने आंकलन गर्न सकिन्छ । विगत २ वर्षयता शून्यप्राय: रहेको पर्यटन क्षेत्र यस आर्थिक वर्षबाट सुधारोन्मुख देखिएको छ । समीक्षा वर्षमा यस प्रदेशमा पर्यटक स्तरीय होटल तथा लजको संख्या २१.९१ प्रतिशतले बढेको छ । विगतमा भन्दा पर्यटकका लागि स्वास्थ्य चुनौतीका दृष्टिकोणले अनुकुल वातावरण बन्दै गएकाले होटल तथा पर्यटन क्षेत्रको वृद्धिमा वढोत्तरी हुने प्रक्षेपण छ ।
- सार्वजनिक निर्माण तथा रियलस्टेट क्षेत्र पनि कोभिड-१९ को असर कम हुँदै जाँदा सुधारोन्मुख हुँदैगएका छन् । वित्तीय सेवा, शिक्षा, यातायात तथा सञ्चारमा देखापरेका समस्या विस्तारै समाधान हुँदै गएकाले आगामी वर्षमा यस प्रदेशको सेवा क्षेत्रमा सकारात्मक सुधारको अपेक्षा गरिएको छ ।
- ग्रामीण क्षेत्रमा टेलिफोन, मोबाईल सुविधाका लागि टावरहरुको जडान तथा ईन्टरनेट सुविधाका लागि थ्रिजी, फोरजी आदिको पूर्वाधार निर्माण कोभिड-१९ पछि सुचारु भएकोले सञ्चार क्षेत्रमा सुधार हुने देखिन्छ ।
- कोभिड-१९ बाट विद्यालय तथा क्याम्पसहरु बन्द रहँदा शिक्षाबाट बञ्चित लाखौं बालबालिका तथा युवाहरु विद्यालय तथा क्याम्पस सुचारु भएसँगै पठनपाठनमा फर्किएका छन् । ग्रामीण क्षेत्रमा विद्यालय स्थापना, वैकल्पिक तथा प्रयोगात्मक पाठ्यक्रमको थालनी तथा कोभिड-१९ विरुद्धको खोप प्रयोग गर्ने संख्यामा वृद्धि हुँदै गएकाले आर्थिक वर्ष २०७८/७९ मा विद्यार्थी संख्यामा सुधार आउने अनुमान गर्न सकिन्छ ।
- सहुलियतपूर्ण कर्जा, विपन्नवर्ग कर्जा, प्राथमिकताका आधारमा कर्जा लगायतका प्रविधिमैत्री वित्तीय सेवाको विस्तार बढेकाले आम जनसमुदायमा वित्तीय साक्षरता र वित्तीय पहुँचको वृद्धि हुने देखिन्छ ।

### ६.४ पूर्वाधार क्षेत्र

- कोभिड-१९ को प्रभाव कम हुँदै गएका कारण यस प्रदेशमा सडक तथा विद्युत विस्तार सुचारु हुने देखिन्छ । निर्माण कार्यका लागि अत्यावश्यक सामग्री आयातमा तथा दक्ष जनशक्तिको आपूर्तिमा सहजता आएसँगै यस प्रदेशमा निर्माणाधीन मध्यपहाडी लोकमार्ग, भेरी बबई डाईभर्सन जस्ता राष्ट्रिय महत्वका आयोजनाहरुको निर्माण कार्यले गति लिने देखिन्छ ।
- कर्णाली प्रदेशका अधिकांश हिमाली जिल्लामा सडक सञ्जाल नपुगेको तथा पुगेको ठाउँमा पनि कालोपत्रे नभएको अवस्थामा, प्रदेश तथा स्थानीय सरकारको अग्रसरतामा त्यस्ता ठाउँमा सडक विस्तार तथा स्तरोन्नति भईरहेको हुँदा आर्थिक वर्ष २०७८/७९ मा कर्णाली प्रदेशको कच्ची तथा कालोपत्रे सडकको हिस्सामा वृद्धि हुने देखिन्छ ।